# विधेयकमा प्राप्त संशोधन सूचनाको एकीकृत विवरण

(प्रतिनिधि सभा नियमावली, २०८३ को नियम ११४ सँग सम्बन्धित)

**विधेयकको नामः** चलचित्र विधेयक, २०८१

**संशोधनको सूचना पेस गर्नुहुने माननीय सदस्यहरू (दर्ताको क्रमानुसार)**

| दर्ता नं. | माननीय सदस्यहरूको नाम, थर |
|---|---|
| १. | मा. खड्ग शाही |
| २. | मा. निश्कल राई, मा. वासना थापा |
| ३. | मा. सुशिला ढकाल (आचार्य) |
| ४. | मा. सन्तोष सुब्बा |
| ५. | मा. रेखा कुमारी यादव, मा. रेनुका काउँचा |
| ६. | मा. कमल सुवेदी |
| ७. | मा. सरस्वती लामा |
| ८. | मा. गंगालक्ष्मी अवाल |
| ९. | मा. भीमकुमारी बुढामगर |
| १०. | मा. गुरुप्रसाद बराल |
| ११. | मा. पार्वती वि.क. |

| दर्ता नं. | माननीय सदस्यहरूको नाम, थर |
|---|---|
| १२. | मा. मनिष झा |
| १३. | मा. रिमा विश्वकर्मा |
| १४. | मा. समिक्षा बास्कोटा |
| १५. | मा. सुलभ खरेल |
| १६. | मा. गणेश कार्की |
| १७. | मा. अनुश्का श्रेष्ठ |
| १८. | मा. विपिन कुमार आचार्य |
| १९. | मा. ज्ञान बहादुर शाही |
| २०. | मा. गणेशबहादुर विश्वकर्मा |
| २१. | मा. भुमिका लिम्बु सुब्बा |
| २२. | मा. प्रकाशचन्द्र परियार |
| २३. | मा. रमेश कुमार मल्ल |
| २४. | मा. भूमिका श्रेष्ठ |

<u>संशोधनको विवरणः</u>

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| १. | मा. कमल सुवेदी | **प्रस्तावना** | <u>**प्रस्तावनामा रहेको,**</u><br>**"...स्वदेशी चलचित्रको विकास, विस्तार, प्रवर्धन र नियमन गर्न चलचित्र सम्बन्धी प्रचलित कानुनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले..."** भन्ने शब्दहरूको सट्टा **"...स्वदेशी चलचित्रको विकास, विस्तार, प्रवर्धन र नियमन गर्न, चलचित्र क्षेत्रलाई समावेशी एवम् सङ्घीय संरचना र आधुनिक सूचना प्रविधिको नूतन आयाम अनुकूल बनाउन चलचित्र सम्बन्धी प्रचलित कानुनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकाले..."** भन्ने शब्दहरू राख्नुपर्ने। |
| २. | मा. समिक्षा बास्कोटा | **प्रस्तावना** | <u>**प्रस्तावनामा रहेको,**</u><br>- **"चलचित्र क्षेत्रलाई सामाजिक"** भन्ने शब्दहरूपछि **"पर्यटकीय"** भन्ने शब्द र **"स्वदेशी चलचित्र"** भन्ने शब्दहरूपछि **"नेपाली भाषी"** भन्ने शब्दहरू थप गर्नुपर्ने।<br>- **"नियमन"** भन्ने शब्दको सट्टा **"व्यवस्थित"** भन्ने शब्द राख्नुपर्ने। |
| ३. | मा. गणेश कार्की | **प्रस्तावना** | <u>**प्रस्तावनाको सट्टा देहायको प्रस्तावना राख्नुपर्नेः**</u><br>"चलचित्र क्षेत्रलाई आत्मनिर्भर, कलात्मक, सिर्जनशील, गुणात्मक निर्यातमुखी सांस्कृतिक प्रवर्धनात्मक एवं मनोरञ्जनात्मक व्यावसायिक चलचित्र उद्योगको रुपमा स्थापित गरी स्वदेशी चलचित्रको विकास, संरक्षण, सम्वर्धन तथा प्रवर्धन गर्दै चलचित्रको निर्माण, वितरण, प्रदर्शन तथा एकद्वार प्रणाली अन्तर्गत चलचित्र विकास बोर्डलाई पूर्ण स्वायत्त हुने गरी नियमन र सहजीकरण गर्न वाञ्छनीय भएकाले," |
| ४. | मा. विपिन कुमार आचार्य | **प्रस्तावना** | **प्रस्तावनामा रहेको,** |

| क.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | - **"चलचित्र क्षेत्रलाई समाजिक, सांस्कृतिक र मनोरञ्जनात्मक उद्योग"** भन्ने शब्दहरूको सट्टा **"चलचित्र क्षेत्रलाई आत्मनिर्भर, सिर्जनशील, निर्यातमुखी र व्यावसायिक उद्योगका रूपमा स्थापित गरी"** भन्ने शब्दहरू राख्नुपर्ने। |
| ५. | मा. गणेशबहादुर विश्वकर्मा | **प्रस्तावना** | **प्रस्तावनाको सट्टा देहायको प्रस्तावना राख्नुपर्नेः**<br>- "चलचित्र क्षेत्रलाई आत्मनिर्भर, कलात्मक, सिर्जनशील, गुणात्मक निर्यातमुखी सांस्कृतिक प्रवर्धनात्मक एवं मनोरञ्जनात्मक व्यावसायिक चलचित्र उद्योगको रुपमा स्थापित गरी स्वदेशी चलचित्रको विकास, संरक्षण, सम्वर्धन तथा प्रवर्धन गर्दै चलचित्रको निर्माण, वितरण, प्रदर्शन तथा चलचित्र विकास बोर्डलाई पूर्ण स्वायत्त हुने गरी नियमन र सहजीकरण गर्न वाञ्छनीय भएकाले," |
| ६. | मा. निश्कल राई,<br>मा. वासना थापा | २ | **खण्ड (ख), (ज) र (ट) को सट्टा देहायको खण्ड (ख), (ज) र (ट) राख्नुपर्नेः**<br>"(ख) **"चलचित्र"** भन्नाले श्रव्यदृश्यका माध्यमबाट गरिने सबै किसिमका सिर्जनात्मक उत्पादन सम्झनुपर्छ र सो शब्दले व्यापारिक चलचित्र र गैरव्यापारिक चलचित्र तथा स्वतन्त्र चलचित्र, लघु चलचित्र, वृत्तचित्र, आदिवासी चलचित्र, एनिमेसन चलचित्र, टेलिचलचित्र, बालचलचित्र, वेबसिरिज, गेम तथा भिआर (भर्चुअल रियालिटी) आदिलाई समेत जनाउँछ।<br>(ज **"डिजिटल प्लेटफर्म"** भन्नाले ओ.टी.टी. प्लेटफर्म, डिजिटल स्ट्रिमिङ् प्लेटफर्म, सामाजिक सञ्जाल वा अन्य डिजिटल प्लेटफर्म सम्झनुपर्छ।<br>(ट) **"बोर्ड"** भन्नाले दफा (३) बमोजिम स्थापना भएको "सङ्घीय चलचित्र विकास बोर्ड" सम्झनुपर्छ।" |
| ७. | मा. कमल सुवेदी | २ | **खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राख्नुपर्नेः** |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | "(ख) **"चलचित्र"** भन्नाले सार्वजनिक रुपमा वा डिजिटल/ओ.टी.टी. (OTT) वा अन्य कुनै माध्यमबाट प्रदर्शन वा प्रसारण गर्ने उद्देश्यले तयार गरिएको सामाजिक, सांस्कृतिक, मनोरञ्जनात्मक, सिर्जनात्मक र व्यावसायिक श्रव्य, दृश्य चित्र सम्झनुपर्छ र सो शब्दले नयाँ प्रविधि वा अत्याधुनिक डिजिटल प्रविधिको प्रयोग गरी निर्माण गरिएका चलचित्र समेतलाई जनाउँछ।" |
| ८. | मा. गुरुप्रसाद बराल | २ | **<u>खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राख्नुपर्नेः</u>**<br><br>"(ख) "चलचित्र" भन्नाले नेपाल सरकारमा दर्ता भई नेपालभित्रको राष्ट्रिय भाषामा सार्वजनिक रुपमा प्रदर्शन गर्ने उद्देश्यले तयार गरिएको सामाजिक, सांस्कृतिक, मनोरञ्जनात्मक, सिर्जनात्मक र व्यावसायिक श्रव्य दृश्य चित्रलाई नेपाली चलचित्र सम्झनु पर्दछ।" |
| ९. | मा. मनिष झा | २ | **<u>खण्ड (ज) को सट्टा देहायको खण्ड (ज) राख्नुपर्नेः</u>**<br><br>"(ज) **"डिजिटल प्लेटफर्म"** भन्नाले इन्टरनेट, मोबाइल एप, ओ.टी.टी. (OTT), streaming service वा अन्य विद्युतीय माध्यमबाट चलचित्र वा श्रव्यदृश्य सामग्री उपलब्ध गराउने माध्यम सम्झनुपर्छ।"<br><br>**<u>खण्ड (ढ) पछि देहायका खण्डहरू (ण), (त) र (थ) थप गर्नुपर्नेः</u>**<br><br>"(ण) **"ओ.टी.टी. सेवा"** भन्नाले internet-based on-demand audio visual service सम्झनुपर्छ, जसअन्तर्गत चलचित्र, web-series, documentary वा अन्य श्रव्यदृश्य सामग्री उपलब्ध गराइन्छ। |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | (त) **"चलचित्र वर्गीकरण"** भन्नाले उमेर, विषयवस्तु, हिंसा, यौनजन्य सामग्री, भाषा, मनोवैज्ञानिक प्रभाव वा सामाजिक संवेदनशीलताको आधारमा चलचित्रलाई वर्गीकरण गर्ने कार्य सम्झनुपर्छ।<br>(थ) **"सार्वजनिक प्रदर्शन"** भन्नाले चलचित्र घर, digital platform, television, online streaming वा सार्वजनिक रूपमा पहुँच हुने कुनै पनि माध्यमबाट चलचित्र वा श्रव्यदृश्य सामग्री प्रदर्शन गर्ने कार्य सम्झनुपर्छ।" |
| १०. | मा. गणेश कार्की | २ | **<u>खण्ड (ख), (ग), (घ), (छ) र (ठ) को सट्टा देहायको खण्ड (ख) (ग), (घ), (छ) र (ठ) राख्नुपर्नेः</u>**<br>"(ख) **"चलचित्र"** भन्नाले जुनसकै प्रविधिमा बनेको मनोरञ्जनात्मक, सामाजिक, कलात्मक, सिर्जनात्मक र व्यावसायिक दृष्यचित्र भन्ने बुझ्नुपर्छ। साथै, मानव वा ए.आई. निर्मित छोटा चलचित्र, वृत्तचित्र, एनिमेसन, वेबसिरिज, मातृभाषी, आदिवासी चलचित्रलाई पनि चलचित्र भन्ने बुझ्नुपर्दछ। चलचित्रलाई अभिव्यक्ति स्वतन्त्रताको माध्यमका रूपमा स्वतन्त्र र जिम्मेवार सम्झनुपर्छ।"<br>"(ग) **"चलचित्रकर्मी"** भन्नाले चलचित्र क्षेत्र र विधामा कलात्मक, सिर्जनात्मक, बौद्धिक, सिपमूलक, शारीरिक श्रम गर्ने व्यक्ति र चलचित्र व्यवसायी सम्झनुपर्छ।"<br>"(घ) **"चलचित्र घर"** भन्नाले चलचित्र प्रदर्शन गर्ने मूलघर वा ओ.टी.टी., डिजिटल प्लेटफर्म र चलचित्र सार्वजनिक प्रदर्शनका लागि अन्य स्थानमा निर्मित प्रदर्शन स्थल समेतलाई जनाउँछ।"<br>"(छ) **"वर्गीकरण समिति"** भन्नाले दफा २८ बमोजिमको चलचित्र वर्गीकरण समिति सम्झनुपर्छ।"<br>"(ठ) **"मन्त्रालय"** भन्नाले नेपाल सरकारको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सम्झनुपर्छ।"<br>**<u>उपदफा (ढ) पछि देहायको उपदफा (ण), (त) र (थ) थप गर्नुपर्नेः</u>** |

| क.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | "(ण) **"नेपाली चलचित्र"** भन्नाले नेपालको प्रचलित कानुन बमोजिम श्रव्यदृश्य माध्यममार्फत नेपाली भाषा, मौलिक संस्कृति, समाज र राष्ट्रिय पहिचानमा आधारित कथावस्तु, विचार वा सन्देशलाई कलात्मक, सिर्जनात्मक र प्रविधिमार्फत प्रस्तुत गर्ने गतिशील अभिव्यक्ति हो। जसले मनोरञ्जनसँगै सामाजिक चेतना फैलाउने, सांस्कृतिक पहिचान प्रवर्धन गर्ने, नेपाली श्रम, सिप प्रयोग र रोजगारी तथा लगानीमार्फत व्यावसायिक अवसर सिर्जना गर्ने उद्देश्य राख्दछ।"<br><br>"(त) **"चलचित्र उद्योग"** भन्नाले नेपाली चलचित्रको विकास, प्रवर्धन तथा निर्माण, वितरण र प्रदर्शनको सम्पूर्ण क्षेत्रलाई समेट्ने कलात्मक तथा सांस्कृतिक प्रवर्धनसहितको निर्यातमुखी मनोरञ्जनात्मक व्यावसायिक चलचित्र उद्योग भन्ने बुझ्नुपर्छ।"<br><br>"(थ) **"चलचित्र विज्ञ"** भन्नाले नेपाली चलचित्रमा अभ्यस्त चलचित्रकर्मी र चलचित्रको विधामा कम्तीमा १० वर्ष संलग्न भई अनुभव प्राप्त भएको व्यक्ति भन्ने बुझ्नुपर्दछ।" |
| ११. | मा. अनुश्का श्रेष्ठ | २ | **<u>खण्ड (ख), (ग) र (घ) को सट्टा देहायको खण्ड (ख), (ग) र (घ) राख्नुपर्नेः</u>**<br><br>"(ख) **"चलचित्र"** भन्नाले जुनसुकै प्रविधिमा बनेको मनोरञ्जनात्मक, सामाजिक, कलात्मक, सिर्जनात्मक र व्यावसायिक चलायमान चित्र सम्झनुपर्छ। चलचित्र अभिव्यक्ति स्वतन्त्रताको माध्यम पनि हो। छोटा चलचित्र, वृत्तचित्र, एनिमेसन र अन्य न्यूमिडिया (एआई, गेमिङ आदि), वेब सिरिज, मातृभाषी, आदिवासी चलचित्रहरूलाई पनि चलचित्र भन्ने बुझ्नुपर्दछ।<br><br>(ग) **"चलचित्रकर्मी"** भन्नाले चलचित्र क्षेत्र र विधामा कलात्मक, सिर्जनात्मक, बौद्धिक, सिपमूलक, शारीरिक श्रम गर्ने व्यक्ति र चलचित्र व्यवसायी सम्झनुपर्छ। |

| क.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | (घ) **"चलचित्रघर"** भन्नाले चलचित्र प्रदर्शन गर्ने मूलघर वा ओ.टी.टी., डिजिटल प्लेटफर्म र चलचित्र सार्वजनिक प्रदर्शनका लागि अन्य स्थानमा निर्मित प्रदर्शन स्थल समेतलाई जनाउँछ। व्यावसायिक र रचनात्मक गरी दुई प्रकारमा चलचित्र प्रदर्शनी हुन्छन्।" |
| १२. | मा. विपिन कुमार आचार्य | २ | खण्ड (ख) र (घ) को सट्टा देहायको खण्ड (ख) र (घ) राख्नुपर्नेः<br>"(ख) **"चलचित्र"**: यसले छोटा चलचित्र, वृत्तचित्र, Web Series, नयाँ मिडिया (AI) र मातृभाषी/आदिवासी चलचित्रलाई समेत जनाउँछ।<br>"(घ) **"चलचित्र घर"**: चलचित्र प्रदर्शन गर्ने "भौतिक भवन" र सशुल्क व्यावसायिक OTT (Commercial OTT) लाई मात्र जनाउनेछ। |
| १३. | मा. गणेशबहादुर विश्वकर्मा | २ | खण्ड (ख) सट्टा देहायको खण्ड (ख) राख्नुपर्नेः<br>"(ख) **"चलचित्र"** भन्नाले जुनसकै प्रविधिमा बनेको मनोरञ्जनात्मक, सामाजिक, कलात्मक, सिर्जनात्मक र व्यावसायिक चलायमान चित्र सम्झनुपर्छ। चलचित्र अभिव्यक्ति स्वतन्त्रताको माध्यम पनि हो। छोटा चलचित्र, वृत्तचित्र, एनिमेसन र अन्य न्युमिडी (एआई, गेमिङ्ग आदि), वेब सिरिज, मातृभाषी, आदिवासी चलचित्रहरू पनि चलचित्र भन्ने बुझ्नुपर्छ।"<br>**खण्ड (छ) मा रहेको,**<br>- **"जाँच समिति"** भन्ने शब्दहरूको सट्टा **"वर्गीकरण समिति"** भन्ने शब्दहरू राख्नुपर्ने।<br>खण्ड (ण) सट्टा देहायको खण्ड (ण) राख्नुपर्नेः |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | "(ण) **"नेपाली चलचित्र"** भन्नाले नेपालको प्रचलित कानुनबमोजिम श्रव्यदृश्य माध्यममार्फत नेपाली भाषा, मौलिक संस्कृति, समाज र राष्ट्रिय पहिचानमा आधारित कथावस्तु, विचार वा सन्देशलाई कलात्मक, सिर्जनात्मक र प्रविधिमार्फत प्रस्तुत गर्ने गतिशील अभिव्यक्ति हो। जसले मनोरञ्जनसँगै सामाजिक चेतना फैलाउने, सांस्कृतिक पहिचान र प्रवर्धन गर्ने, नेपाली श्रम, सिप प्रयोग र रोजगारी तथा लगानीमार्फत व्यावसायिक अवसर सिर्जना गर्ने उद्देश्य राख्दछ।" |
| १४. | मा. भुमिका लिम्बु सुब्बा | २ | **दफा (२) को खण्डा (ख) को सट्टा देहायको खण्ड (ख) राख्नुपर्ने:**<br>"(ख) **"चलचित्र"** भन्नाले प्रचलित कानुनबमोजिम चलचित्र निर्माण गर्ने उद्देश्यले नेपालमा दर्ता भएको कम्पनी वा संस्थाले बोर्डबाट नेपालको राष्ट्रभाषा वा राष्ट्रिय भाषामा चलचित्र निर्माण गर्न दिइने इजाजत पत्र लिई निर्माण गरिएको र नेपालमा नै जाँचपास गरिएको चलचित्र सम्झनुपर्छ।" |
| १५. | मा. निश्कल राई,<br>मा. वासना थापा | ३ | **उपदफा (२) पछि देहायको उपदफा (३) थप गर्नुपर्ने:**<br>"(३) प्रदेश कानुनबमोजिम प्रत्येक प्रदेशमा प्रदेश चलचित्र विकास बोर्डको स्थापना गर्न सकिनेछ।" |
| १६. | मा. रिमा विश्वकर्मा | ३ | **उपदफा (१) मा रहेको,**<br>- **"चलचित्र क्षेत्र"** भन्ने शब्दहरूको सट्टा **"चलचित्र उद्योग"** भन्ने शब्दहरू र **"नियमन"** भन्ने शब्दको सट्टा **"सहजीकरण"** भन्ने शब्द राख्नुपर्ने। |
| १७. | मा. गणेश कार्की | ३ | **उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नुपर्ने:**<br>"(१) चलचित्र उद्योगको विकास, विस्तार, प्रवर्धन तथा सहजीकरण गर्नको लागि विभागीय संरचनासहितको नेपाल चलचित्र विकास बोर्डको स्थापना गरिनेछ।" |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| १८. | मा. गणेशबहादुर विश्वकर्मा | ३ | **<u>उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नुपर्नेः</u>**<br>"(१) चलचित्र क्षेत्रको विकास, विस्तार, प्रवर्धन तथा सहजीकरण र नियमन गर्नको लागि एक स्वायत्त नेपाल चलचित्र विकास बोर्डको स्थापना गरिनेछ।" |
| १९. | मा. खड्ग शाही | ५ | **<u>उपदफा (१) को खण्ड (ख) मा रहेको,</u>**<br>**"दुई जना महिला सहित पाँच जना"** भन्ने शब्दहरूको सट्टा **"दुई जना महिला र पिछडिएका तथा दुर्गम क्षेत्रबाट दुई जना चलचित्रकर्मीसहित सात जना"** भन्ने शब्दहरू राख्नुपर्ने। |
| २०. | मा. निश्कल राई,<br>मा. वासना थापा | ५ | **<u>उपदफा (१) को खण्ड (ख) मा रहेको,</u>**<br>- **"मन्त्रालयले मनोनयन गरेको"** भन्ने शब्दहरूको सट्टा **"चलचित्र विधेयकसँग सम्बन्धित संसदीय समितिले मनोनयन गरेको"** भन्ने शब्दहरू राख्नुपर्ने। |
| २१. | मा. रेखा कुमारी यादव,<br>मा. रेनुका काउँचा | ५ | **उपदफा (४) मा रहेको,**<br>- खण्ड (क) र (ख) झिकी खण्डक्रम मिलाउनुपर्ने। |
| २२. | मा. कमल सुवेदी | ५ | **<u>उपदफा (१) को खण्ड (ख) मा रहेको,</u>**<br>**"...मन्त्रालयले मनोनयन गरेको कम्तीमा दुई जना महिला सहित पाँच जना -सदस्य"** भन्ने शब्दहरूको सट्टा **"...मन्त्रालयले मनोनयन गर्दा नेपालको सङ्घीय तथा प्रादेशिक बनोट र सांस्कृतिक विविधता झल्कने गरी कम्तीमा दुई जना महिलासहित दलित, आदिवासी जनजाति, मधेशी र अल्पसङ्ख्यक समुदायको प्रतिनिधित्व** |

| क.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | **सुनिश्चित हुने गरी समावेशी सिद्धान्तका आधारमा मनोनयन गरेको पाँच जना - सदस्य**" भन्ने शब्दहरू राख्नुपर्ने। |
| २३. | मा. सरस्वती लामा | ५ | **उपदफा (१) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राख्नुपर्नेः**<br>"(ख) चलचित्र लेखन, छायाङ्कन, संगीत, द्वन्द्व, सम्पादन, निर्माण, वितरण, प्रदर्शन, निर्देशन, कलाकारिता लगायत क्षेत्र र विधामा निरन्तर दश वर्ष संलग्न रही उल्लेखनीय योगदान गरेका व्यक्तिमध्येबाट मन्त्रालयले मनोनयन गरेको कम्तीमा दुई जना महिलासहित पाँच जना -सदस्य" |
| २४. | मा. भीमकुमारी बुढामगर | ५ | **उपदफा (१) को अन्त्यमा देहायको प्रतिवन्धात्मक वाक्यांश थप गर्नुपर्नेः**<br>- "तर यसरी सदस्यहरूको मनोनयन गर्दा कम्तीमा तीन जना सदस्यहरू काठमाडौं उपत्यका बाहिरका विभिन्न प्रदेशहरूको प्रादेशिक प्रतिनिधित्व हुने गरी र समग्रमा समितिमा कम्तीमा तेत्तीस प्रतिशत महिला सहभागिता सुनिश्चित हुने गरी गरिनेछ।" |
| २५. | मा. रिमा विश्वकर्मा | ५ | **उपदफा (१) को,**<br>- खण्ड (क) मा रहेको **"अध्यक्ष"** भन्ने शब्दको सट्टा **'कार्यकारी अध्यक्ष'** भन्ने शब्दहरू राख्नुपर्ने।<br>- खण्ड (क) मा रहेको **"अध्यक्ष"** भन्ने शब्दको सट्टा **'कार्यकारी अध्यक्ष'** भन्ने शब्दहरू राख्नुपर्ने।<br>**उपदफा (२) मा रहेको,**<br>- "समावेशी" भन्ने शब्दहरूको अघि "आदिवासी, जनजाति, दलित र महिलासहित पूर्ण" भन्ने शब्दहरू थप गर्नुपर्ने। |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| २६. | मा. गणेश कार्की | ५ | <u>**दफा ५ मा देहाय बमोजिम राख्नुपर्नेः**</u><br>"**५. <u>बोर्डको गठनः</u>** (१) बोर्डमा देहाय बमोजिमका अध्यक्ष र सदस्य रहनेछन्।<br>(क) नेपाल सरकारले नियुक्त गरेको व्यक्ति - कार्यकारी अध्यक्ष<br>(ख) पेसागत र विधागत संघ संस्थामा संलग्न तथा चलचित्र क्षेत्रमा निरन्तर रुपमा कम्तीमा दश बर्ष संलग्न रही योगदान गरेको व्यक्ति मन्त्रालयले मनोनयन गर्ने छ जना - सदस्य<br>(ग) प्रतिनिधि (रा.प. तृतिय श्रेणी), बोर्ड - सदस्य-सचिव<br>(२) उपदफा (१) को  खण्ड (ख) बमोजिम सदस्य मनोनयन गर्दा आदिवासी जनजाति र महिलासहित पूर्ण समावेशी सिद्धान्तका आधारमा गर्नुपर्नेछ।<br><u>**दफा (५) पछि देहायको उपदफा (६) र (७) थप गर्नुपर्नेः**</u><br>"(६) बोर्ड सदस्यहरू पूरा समय बोर्डमै रहेर विभागीय प्रमूखको जिम्मेवारी बहन गर्नुपर्नेछ।<br>(७) उपदफा (१) को खण्ड (क) बमोजिम अध्यक्षको नियुक्तिको लागि नेपाल सरकारसमक्ष सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहनेछः-<br>(क) चलचित्र क्षेत्रमा कम्तीमा पच्चिस बर्षको अनुभव प्राप्त व्यक्तिमध्येबाट मन्त्रालयले मनोनयन गरेको एकजना - अध्यक्ष<br>(ख) लोक सेवा आयोगको सदस्य - सदस्य<br>(ग) सचिव मन्त्रालय - सदस्य" |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| २७. | मा. विपिन कुमार आचार्य | ५ | <u>**उपदफा (१) को खण्ड (क) मा रहेको,**</u><br>- **"अध्यक्ष"** भन्ने शब्दको सट्टा **"कार्यकारी अध्यक्ष"** भन्ने शब्दहरू राख्नुपर्ने।<br>- सरोकारवालाको सिफारिसमा ६ जना पूर्णकालीन (Full-time) विज्ञ सदस्य राख्ने। |
| २८. | मा. गणेशबहादुर विश्वकर्मा | ५ | <u>**उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नुपर्नेः**</u><br>"(१) बोर्डमा देहाय बमोजिमका अध्यक्ष र सदस्य रहनेछन्:-<br>(क) नेपाल सरकारले नियुक्त गरेको व्यक्ति - कार्यकारी अध्यक्ष<br>(ख) पेसागत र विधागत सङ्घ संस्थामा संलग्न तथा चलचित्र क्षेत्रमा निरन्तर रूपमा कम्तीमा १० वर्ष संलग्न रही योगदान गरेका दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम पर्ने गरी समावेशी सिद्धान्तका आधारमा मन्त्रालयले मनोनयन गर्ने पाँच जना - सदस्य" |
| २९. | मा. भूमिका श्रेष्ठ | ५ | <u>**उपदफा (१) को खण्ड (ख) मा रहेको,**</u><br>"**मन्त्रालयले मनोनयन गरेको कम्तीमा दुई जना महिला सहित पाँच जना**" भन्ने शब्दहरूको सट्टामा **"मन्त्रालयले मनोनयन गरेको कम्तीमा दुईजना महिला र एकजना लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक व्यक्ति सहित पाँच जना"** भन्ने शब्दहरू राख्नुपर्ने। |
| ३०. | मा. रेखा कुमारी यादव, मा. रेनुका काउँचा | ६ | <u>**उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नुपर्नेः**</u><br>"(२) उपदफा (१) को खण्ड (क) बमोजिम बोर्डले दीर्घकालीन योजना, वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्दा मन्त्रालयको राय, सुझाव समेत लिनुपर्ने।" |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| ३१. | मा. कमल सुवेदी | ६ | **<u>उपदफा (१) मा रहेको खण्ड (ढ) पछि देहायको खण्ड (ण) थप गरी खण्डक्रम मिलाउनुपर्नेः</u>**<br>"(ण) सङ्घीयताको मर्म र स्थानीय तहको अधिकार क्षेत्रलाई मध्यनजर गर्दै प्रादेशिक तथा स्थानीय सरकारसँग चलचित्र प्रवर्धन र नियमनमा समन्वय तथा सहकार्य गर्ने," |
| ३२. | मा. पार्वती वि.क. | ६ | **<u>उपदफा (१) मा देहाय बमोजिमको खण्ड थप गर्नुपर्नेः</u>**<br>- "समाजमा समुदायको आत्मसम्मानमा ठेस पुग्ने चलचित्र प्रदर्शन गर्न नदिने," |
| ३३. | मा. रिमा विश्वकर्मा | ६ | **<u>उपदफा (१) को खण्ड (ङ) मा रहेको,</u>**<br>- **"सञ्चालन"** गर्ने भन्ने शब्दको सट्टा **"गर्ने गराउने"** भन्ने शब्दहरू राख्नुपर्ने।<br>**<u>देहायका खण्डहरू थप गर्नुपर्नेः</u>**<br>"(त) "चलचित्र क्षेत्रलाई उद्योगको रूपमा विकास गर्ने।<br>(थ) चलचित्रका लागि आधारभूत संरचना, प्रविधि, दक्ष जनशक्तिको निमार्ण र उत्पादन गर्दै गुणात्मक र गुणस्तर चलचित्र उत्पादनमा जोड दिने र विविध विषय, क्षेत्रमा विस्तार र रोजगारीको सिर्जना गर्ने।<br>(द) चलचित्रको वितरण र प्रदर्शनको पक्षलाई समयानुकूल विकास र विस्तार गर्ने।<br>(ध) चलचित्रको छायाङ्कनका लागि आवश्यक स्थानहरूका लागि बोर्डले सहजीकरण गर्ने। फिल्म सिटी, फिल्म पार्क, फिल्म संग्रहालय, फिल्म भिलेज, फिल्मग्राम, फिल्म पुस्तकालय आदिको निर्माण र विकास गर्ने। |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | (न) नेपाली चलचित्रको प्रयोगात्मक अध्ययन, अनुसन्धानका लागि शैक्षिक, प्राज्ञिक, प्राविधिक प्रतिष्ठानहरूको सञ्चालनमा सहजीकरण, समन्वय र संस्थागत विकास गर्ने।<br>(प) चलचित्रको प्रतिलिपि अधिकार, पाइरेसी रोकथाम, रोयल्टीको अधिकार जस्ता कार्यक्रमलाई प्रवर्धन गर्न समन्वयकारी भूमिका खेल्ने।<br>(फ) श्रमजीवी चलचित्रकर्मीहरूलाई सामाजिक सुरक्षा कोषमा सहभागी गराउन समन्वय गर्न र चलचित्रकर्मीको अधिकार र सुरक्षाको निम्ति भूमिका खेल्ने।<br>(ब) स्वदेशी चलचित्रलाई आधुनिकीकरण, निर्यातमुखी विस्तार र प्रवर्धनका लागि कार्यक्रम कार्यान्वयन गर्ने र चलचित्र संस्कृतिको विकास गर्ने।<br>(भ) स्वदेशी चलचित्रमा विदेशी लगानी भित्र्याउन समन्वयकारी भूमिका निर्वाह गर्ने।<br>(म) चलचित्र उद्योगको विस्तार र विकासका लागि विभिन्न सरकारी तथा गैरसरकारी निकायसँग समन्वय गरी ऐन, नीतिहरूमा उपयुक्त सल्लाह सुझाव पेस गर्ने।<br>(य) चलचित्रको संवर्धन, संरक्षण (रिस्टोरेसन) गर्ने।<br>(र) नेपाली चलचित्र उद्योगको बृहत्तर विकासका निम्ति अन्तर्राष्ट्रिय रूपमा फिल्म सन्धि गर्न समन्वय र सहजीकरण गर्ने।<br>(ल) चलचित्रको ज्ञान प्रवर्धन तथा नीति अनुसन्धानका लागि विज्ञ तथा प्राज्ञिक समितिको गठन गर्ने।<br>(व) महिला, बालबालिका र फरक क्षमता भएका चलचित्रकर्मीको लागि छायाङ्कन कार्यस्थल सुरक्षित बनाउन सहजीकरण गर्ने र आदिवासी जनजाति, दलित तथा विभिन्न मातृभाषी चलचित्रको विकास, प्रवर्धन र विस्तारका लागि भूमिका खेल्ने। |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | (श) छोटा, लघु चलचित्र, एनिमेसन प्रविधीमैत्री डिजिटल चलचित्रको निर्माण, वितरण र प्रदर्शनमा सहयोगी भूमिका निर्वाह गर्ने।<br>(ष) बोर्डले चलचित्र विद्या, कार्यक्रम र योजना अनुसार आवश्यकता अनुसारका फरक फरक विभाग गठन गर्ने।"<br>**उपदफा (२) मा रहेको,**<br>**"मन्त्रालयको स्वीकृति लिनुपर्ने"** भन्ने शब्दहरूको सट्टा **"जानकारी दिनुपर्ने"** भन्ने शब्दहरू राख्नुपर्ने।<br>**उपदफा (२) पछि <u>देहायको उपदफा (३) थप गर्नुपर्ने:</u>**<br>"(३) उपदफा (१) बमोजिम सम्पूर्ण काम, कर्तव्य कार्यान्वयन प्रमुख कार्यकारी अधिकृतले गर्नेछ।" |
| ३४. | मा. गणेश कार्की | ६ | **<u>उपदफा (१) को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राख्नुपर्ने:</u>**<br>"(ङ) चलचित्र क्षेत्रसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महोत्सव, सभा, सम्मेलन, अन्तरक्रिया, कार्यशाला, गोष्ठी लगायत अन्य रचनात्मक तथा प्रवर्धनात्मक क्रियाकलाप सञ्चालन गर्ने/गराउने।"<br>**<u>देहायका खण्डहरू थप गर्नुपर्ने:</u>**<br>"(त) चलचित्र क्षेत्रलाई उद्योगको रुपमा विकास गर्ने।<br>(थ) चलचित्रका लागि आधारभूत संरचना, प्रविधि, दक्ष जनशक्तिको निर्माण र उत्पादन गर्दै गुणात्मक र गुणस्तर चलचित्र उत्पादनमा जोड दिने र विविधता विषय, क्षेत्रमा चलचित्रको विस्तार र रोजगारीको सिर्जना गर्ने। |

| क.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | (द) चलचित्रको वितरण र प्रदर्शनको पक्षलाई समयानुकूल विकास र विस्तार गर्ने।<br>(ध) चलचित्रको छायाङ्कनका लागि आवश्यक स्थानहरूको लागि बोर्डले सहजीकरण गर्ने। फिल्म सिटी, फिल्म पार्क, संग्राहालय, फिल्मग्राम, फिल्म भिलेज, पुस्तकालय आदिको विकास र निर्माण गर्ने।<br>(न) नेपाली चलचित्रको अध्ययन, अनुसन्धान र प्रयोगात्मकका लागि शैक्षिक, प्राज्ञिक, प्राविधिक, प्रतिष्ठानहरूको सञ्चालनमा सहजीकरण, समन्वय र संस्थागत विकास गर्ने।<br>(प) चलचित्रको प्रतिलिपि अधिकार, पाईरेसी रोकथाम, रोयल्टीको अधिकारजस्ता कार्यक्रमहरूलाई प्रवर्धन गर्न समन्वयकारी भुमिका खेल्ने।<br>(फ) श्रमजीवि चलचित्रकर्मीहरूलाई सामाजिक सुरक्षा कोषमा सहभागी गराउन समन्वय गर्ने र चलचित्रकर्मीको अधिकार तथा सुरक्षाको निम्ती भूमिका खेल्ने।<br>(ब) नेपाली चलचित्रलाई आधुनिकरण, निर्यातमूखी विस्तार र प्रवर्धनका लागि कार्यक्रम तय गरी कार्यान्वयन गर्ने र चलचित्र संस्कृतिको विकास गर्ने।<br>(भ) स्वदेशी चलचित्रमा विदेशी लगानी भित्राउन समन्वयकारी भूमिका निर्वाह गर्ने।<br>(म) चलचित्र उद्योगको विकास लागि विभिन्न सरकारी तथा गैरसरकारी निकाय र ऐन र नीतिहरूमा उपयुक्त सल्लाह सुझाव पेस गर्ने र समन्वय गरिदिने।<br>(य) चलचित्रको संकलन, संरक्षण, सुदृढीकरण (रिस्टोरेशन) र प्रवर्धन गर्ने।<br>(र) नेपाली चलचित्र उद्योगलाई बृहत्तर विकास गर्न अन्तराष्ट्रिय रुपमा फिल्म सन्धि गर्न समन्वय र सहजीकरण गर्ने। |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | (ल) चलचित्रको ज्ञान प्रवर्धन तथा नीति अनुसन्धानका लागि विज्ञ तथा प्राज्ञिक समितिको गठन गर्ने।<br>(व) महिला, बालबालिका र फरक क्षमता भएका चलचित्रकर्मीको लागि छायाङ्कन कार्यस्थल सुरक्षित बनाउन सहजीकरण गर्ने र आदिवासी जनजाति तथा विभिन्न जातजाति र मातृभाषी चलचित्रको विकास, प्रवर्धन र विस्तारको लागि भूमिका खेल्ने।<br>(श) छोटा चलचित्र, डकुमेन्ट्री, लघु चलचित्र, एनिमेसन वा प्रविधिमैत्री डिजिटल चलचित्रको निर्माण, वितरण र प्रदर्शनमा सहयोगी भूमिका निर्वाह गर्ने।<br>(ष) बोर्डले चलचित्रको विधा, कार्यक्रम र योजना अनुसार फरक फरक विभागहरू गठन गर्ने।"<br>**उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नुपर्नेः**<br>"(२) उपदफा (१) को खण्ड (क) बमोजिम बोर्डले दीर्घकालीन योजना, वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गरी मन्त्रालयलाई जानकारी दिनुपर्नेछ।" |
| ३५. | मा. ज्ञान बहादुर शाही | ६ | **देहायको उपदफा (३) थप गर्नु पर्नेः**<br>"(३) (क) चलचित्र विकास बोर्डलाई Co- production treaty सम्बन्धी आधिकारिक अधिकार हुनेछ।<br>(ख) चलचित्र क्षेत्रलाई उद्योगको रुपमा मान्यता दिई विकास बोर्ड मातहतमा राजस्व व्यवस्थापन अन्तर्गत कलाकारको TDS, हल शुल्क तथा अन्य सम्बन्धी शुल्क रहनेछ।" |
| ३६. | मा. रमेश कुमार मल्ल | ६ | **उपदफा (१) मा देहायका खण्डहरू थप गर्नुपर्नेः**<br>- मुलुकको देशभक्तिपूर्ण आन्दोलन, गौरवशाली इतिहास, त्याग, तपस्या, शौर्य र बलिदानपूर्ण सङ्घर्षको गाथा बोकेका चलचित्रलाई प्रोत्साहन र प्रवर्धन गर्ने। |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | - चलचित्र आर्काइभ र संग्रहालय संरचना निर्माण तथा व्यवस्थापन गर्ने। |
| ३७. | मा. रेखा कुमारी यादव, मा. रेनुका काउँचा | ८ | **दफा ८ मा रहेको,**<br>- खण्ड (ख) झिक्नुपर्ने। |
| ३८. | मा. भीमकुमारी बुढामगर | ८ | **दफा ८ को खण्ड (घ) को अन्त्यमा देहायको शब्दहरू थप गर्नुपर्नेः**<br>- "तर शैक्षिक योग्यताको विषयलाई व्यावहारिक बनाउन वा चलचित्र विधामा विशेष डिग्री (सिनेमा स्टडिज) हासिल गरेका व्यक्तिहरूलाई प्राथमिकता दिनुपर्नेछ।" |
| ३९. | मा. गणेशबहादुर विश्वकर्मा | ८ | **खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राख्नुपर्नेः**<br>"(ग) अध्यक्षको हकमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको वा नेपाली चलचित्र उद्योगको विकास, संरक्षण वा प्रवर्धनमा निरन्तर रूपमा कम्तीमा दश वर्ष कार्य गरेको।" |
| ४०. | मा. प्रकाशचन्द्र परियार | ८ | - खण्ड (ग) हटाउनु पर्ने। |
| ४१. | मा. सन्तोष सुब्बा | ११ | **उपदफा (२) को खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राख्नुपर्नेः**<br>"(छ) बोर्डले यस ऐनबमोजिम तोकेको अन्य काम।" |
| ४२. | मा. सन्तोष सुब्बा | १२ | **खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राख्नुपर्नेः**<br>"(घ) बोर्डले यस ऐनबमोजिम तोकेको अन्य काम।" |
| ४३. | मा. रिमा विश्वकर्मा | १२ | **खण्ड (घ) पछि देहायको खण्ड (ङ) थप गर्नुपर्नेः** |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | "(ङ) सदस्यले बोर्डको निर्णयानुसार दिएको विभागको संयोजन गरी कार्यान्वयन गर्ने/गराउने।" |
| ४४. | मा. गणेश कार्की | १२ | <u>खण्ड (घ) र (ङ) को सट्टा देहायको खण्ड (घ) र (ङ) राख्नुपर्ने:</u><br>"(घ) सदस्यले बोर्डको निर्णय अनुसार दिएको कुनै पनि विभागको प्रमूख भई काम गर्ने/गराउने।"<br>"(ङ) बोर्डले तोकेबमोजिमका अन्य काम गर्ने।" |
| ४५. | मा. रिमा विश्वकर्मा | १४ | <u>उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नुपर्ने:</u><br>"(२) सदस्यको पारिश्रमिक, सेवा-सुविधाका अन्य सर्त मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।" |
| ४६. | मा. गणेश कार्की | १४ | <u>उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नुपर्ने:</u><br>"(१) अध्यक्ष र सदस्यको पारिश्रमिक, सुविधा र सेवाका अन्य सर्त मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।" |
| ४७. | मा. रमेश कुमार मल्ल | १४ | <u>उपदफा (१) मा,</u><br>"अध्यक्षको सेवा, सुविधा नेपाल सरकारको विशिष्ट श्रेणीको कर्मचारी सरह हुनेछ" भन्ने शब्दहरू थप गर्नुपर्ने। |
| ४८. | मा. रिमा विश्वकर्मा | १५ | <u>उपदफा (३) पछि देहायको उपदफा (४) थप गर्नुपर्ने:</u> |
| ४९. | मा. गणेश कार्की | १५ | |

<table>
<tr><th>क्र.स.</th><th>संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू</th><th>विधेयकको प्रस्तावना/दफा</th><th>संशोधनको बेहोरा</th></tr>
<tr><td></td><td></td><td></td><td>"(४) चलचित्र उद्योगको विकासका लागि आवश्यक विभाग, शाखाहरूको संरचना विस्तार गर्न सकिनेछ। समिति र उपसमितिहरूमा विज्ञहरूलाई संलग्न गराइनेछ र संयोजनको जिम्मेवारी बोर्डले बोर्डका सदस्यहरूलाई दिनेछ।"</td></tr>
<tr><td>५०.</td><td>मा. रिमा विश्वकर्मा</td><td>१६</td><td rowspan="2"><u>उपदफा (४) पछि देहायको उपदफा (५), (६), (७), (८) र (९) थप गर्नुपर्ने:</u><br>"(४) चलचित्र उद्योगको विकासका लागि आवश्यक विभाग, समिति, उपसमितिहरू गठन गर्न सकिनेछ। समिति र उपसमितिहरूमा विज्ञहरूलाई संलग्न गराइनेछ। विभागहरूको संयोजनको जिम्मेवारी बोर्ड सदस्यहरूलाई बोर्डले दिनेछ।<br>(५) नेपाली चलचित्रलाई विदेशमा वितरण गर्दा तोकिए बमोजिमको व्यवस्था गरिनेछ।<br>(६) विदेशी चलचित्र वितरणसम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः-<br>(क) विदेशी चलचित्र वितरण गर्न वितरकको इजाजत प्राप्त स्वदेशी कम्पनीले मात्र पाउने व्यवस्था हुनेछ।<br>(ख) विदेशी चलचित्र नेपाल आयात गर्दा नेपालको प्रचलित कानुनअनुसार वितरकले ल्याउनु पर्नेछ।<br>(ग) माथि जुनसुकै कुरा लेखिएको भए तापनी नेपालको प्रचलित कानुन विपरीत भएमा वा देशको सार्वभौमसत्तामा खलल पुग्ने वा नेपालबारे भ्रम फैलाउन सक्ने चलचित्र आयात/वितरण गर्न दिइने छैन।<br>(घ) विदेशी फिल्म आयात गर्दा त्यसको प्रक्रियामा बोर्डले सहजीकरण गर्नेछ।<br>(७) विदेशी चलचित्र नेपालमा तोकिए बमोजिमको समयमा जाँचपास भएपछि मात्र प्रदर्शन गर्न दिइनेछ।</td></tr>
<tr><td>५१.</td><td>मा. गणेश कार्की</td><td>१६</td></tr>
</table>

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | (८) स्वदेशी र विदेशी कम्पनी वा व्यक्तिले संयुक्त लगानीमा नेपाली चलचित्र निर्माणका लागि तोकिए बमोजिम व्यवस्था हुनेछ।<br>(९) चलचित्र प्रदर्शन र शो प्रक्रियालाई असर नपुग्ने गरी खेलकुदको विशेष प्रतिस्पर्धात्मक निर्णायक शोहरू प्रदर्शन गर्न पाइनेछ। त्यसको व्यवस्था तोकिए बमोजिम हुनेछ।" |
| ५२. | मा. विपिन कुमार आचार्य | १६ | <u>उपदफा (३) पछि देहायका उपदफा (४) र (५) थप गर्नुपर्ने:</u><br>"(४) विदेशी चलचित्रलाई नेपाली भाषामा डब गर्न खुला हुनेछ, तर त्यस्तो डबिङ अनिवार्य रूपमा नेपालभित्रकै स्टुडियोमा, नेपाली Voice Artist र प्राविधिक प्रयोग गरी हुनुपर्नेछ र थप सांस्कृतिक संरक्षण कर लाग्नेछ।<br>(५) गैरआवासीय नेपाली (NRN) ले विदेशमा निर्माण गरेका नेपाली भाषाका चलचित्रलाई नेपालमा प्रदर्शन गर्दा "स्वदेशी चलचित्र" सरहकै कानुनी मान्यता र सहुलियत दिइनेछ।” |
| ५३. | मा. खड्ग शाही | १७ | <u>उपदफा (३) पछि देहायको उपदफा (४) थप गर्नुपर्ने:</u><br>"(४) उपदफा (३) बमोजिमको चलचित्र प्रदर्शन गर्दा लाग्ने इजाजतपत्र दस्तुर, रोयल्टी, शुल्क तथा अन्य दस्तुरमा पिछडिएका क्षेत्र तथा दुर्गम क्षेत्रबाट बनेको चलचित्रका लागि छुट दिनुपर्नेछ।" |
| ५४. | मा. कमल सुवेदी | १७ | <u>उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नुपर्ने:</u><br>"(१) डिजिटल प्लेटफर्म मार्फत चलचित्र वा चलचित्रजन्य सामग्रीको प्रदर्शन तथा प्रसारण गर्न चाहेमा त्यस्तो प्लेटफर्म, व्यक्ति वा निकायले सङ्घीयता र स्थानीय तहको कार्यक्षेत्र अनुकूल हुने गरी बोर्डबाट इजाजतपत्र लिनु पर्नेछ।" |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| ५५. | मा. विपिन कुमार आचार्य | १७ | <u>दफा १७ को सट्टा देहायको दफा १७ राख्नुपर्ने::</u><br><br>"१७. <u>**डिजिटल प्लेटफर्ममार्फत चलचित्र प्रदर्शन गर्न इजाजतपत्र लिनुपर्ने:**</u> (१) "YouTube, TikTok जस्ता निःशुल्क खुला प्लेटफर्म (UGC) मा भिडियो राख्ने स्वतन्त्र Digital Creator हरूलाई बोर्डबाट इजाजत लिन र दस्तुर तिर्न पूर्ण कानुनी छुट (Exempt) हुनेछ।"<br><br>(२) "सशुल्क Commercial OTT प्लेटफर्मले चलचित्र Censor गराउनु पर्नेछैन, 'स्व-वर्गीकरण र Parental Lock' गरे पुग्नेछ। विदेशी OTT ले नेपालबाट लैजाने शुल्कको तोकिएको प्रतिशत नेपाली मौलिक चलचित्रमा अनिवार्य लगानी गर्नुपर्नेछ।" |
| ५६. | मा. रिमा विश्वकर्मा | १८ | <u>उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नुपर्ने:</u><br><br>(१) "बोर्डले चलचित्रको प्रवर्धन र विकास तथा एआई लगायत चलचित्रको डेटा सेन्टरको रूपमा विकास गर्न र सोसम्बन्धी डिजिटल गतिविधिको लागि डिजिटल हबको व्यवस्था गर्न सक्नेछ।" |
| ५७. | मा. गणेश कार्की | १८ | <u>उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नुपर्ने:</u><br><br>(१) बोर्डले चलचित्रको प्रवर्धन र विकास तथा एआई लगायत चलचित्रको डाटा सेन्टरका रुपमा विकास गर्न र चलचित्रसम्बन्धी डिजिटल गतिविधिका लागि डिजिटल हबको व्यवस्था गर्न सक्नेछ। |
| ५८. | मा. रिमा विश्वकर्मा | २४ | <u>उपदफा (१) मा रहेको,</u><br><br>- **"रहेका"** भन्ने शब्दको सट्टा **"रहेका/नरहेका"** भन्ने शब्दहरू राख्नुपर्ने र **'आर्काइभ गर्ने'** भन्ने शब्दहरू थप गर्नुपर्ने। |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| ५९. | मा. गणेश कार्की | २४ | **उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नुपर्ने:**<br>"(१) बोर्डको स्वामित्वमा रहेका/नरहेका ऐतिहासिक तथा सांस्कृतिक रुपमा महत्त्वपूर्ण देखिएका चलचित्रका पुराना रिललाई बोर्डले आधुनिकरण गर्ने, अर्काइभ गर्ने र पुनः प्रयोग गर्न सक्नेछ।" |
| ६०. | मा. रिमा विश्वकर्मा | २५ | **उपदफा (१) मा रहेको,**<br>- **"विदेशी व्यक्ति वा संस्था"** भन्ने शब्दहरूको सट्टा **"नागरिक वा कम्पनी"** भन्ने शब्दहरू, **"मन्त्रालयबाट स्वीकृति लिनु पर्नेछ"** भन्ने शब्दहरूको सट्टा **"प्रचलित कानुन बमोजिम नेपालमा चलचित्र निर्माणका उद्देश्यले दर्ता भएका संस्था वा कम्पनीमार्फत निवेदन दिई बोर्डबाट इजाजत लिनुपर्नेछ।"** भन्ने शब्दहरू राख्नुपर्ने।<br>**उपदफा (६) मा रहेको,**<br>- "तोकिए बमोजिम" भन्ने शब्दहरू हटाउने।" |
| ६१. | मा. गणेश कार्की | २५ | **दफा २५ को सट्टा देहायको दफा २५ राख्नुपर्ने:**<br>"**२५. विदेशी चलचित्रको छायाङ्कन गर्न स्वीकृत लिनु पर्ने:** (१) कुनै विदेशी नागरिक वा कम्पनीले नेपालमा विदेशी चलचित्रको छायाङ्कन गर्न चाहेमा प्रचलित कानुन बमोजिम नेपालमा चलचित्र निर्माणका उद्देश्यले दर्ता गरेका संस्था वा कम्पनी मार्फत निवेदन दिई बोर्डबाट इजाजत लिनुपर्नेछ।<br>(२) उपदफा (१) बमोजिमको स्वीकृति लिन चाहने विदेशीले छायाङ्कनको स्वीकृतिको लागि बोर्ड समक्ष निवेदन दिनु पर्नेछ। |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | (३) उपदफा (२) बमोजिमको निवेदन प्राप्त भएपछि छायाङ्कन अनुमतिको स्वीकृतिको लागि आन्तरिक जाँचबुझ गरी बोर्डले स्वीकृति दिनेछ। त्यस्तो जाँचबुझको लागि बोर्डले तोकिए बमोजिम सिफारिस समिति गठन गर्न सक्नेछ।<br>(४) विदेशी चलचित्र नेपालमा छायाङ्कन गर्न कति लम्बाईको छायाङ्कन गर्ने हो, चलचित्रमा के के देखाईने हो छायाङ्कन अनुमति अगावै संवादसहितको पूर्ण कथा (स्क्रिप्ट) पेस गर्नु पर्नेछ।<br>(५) नेपाल र नेपालसँग सम्बन्धित विषयलाई कानुन विपरीत वा देशको प्रतिष्ठामा आँच आउने गरी कुनै पनि विषयमा छायाङ्कन गर्न पाईने छैन।<br>(६) उपदफा (१) बमोजिम इजाजत लिएको विदेशी चलचित्रको निर्माणमा नेपाली प्राविधिक लगायत अन्य जनशक्ति संलग्न गराउनु पर्नेछ।<br>(७) उपदफा (२) बमोजिमको स्वीकृतिको लागि दिनुपर्ने निवेदनको ढाँचा, पालना गर्नु पर्ने सर्त, तिर्नुपर्ने दस्तुर लगायत अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।" |
| ६२. | मा. ज्ञान बहादुर शाही | २५ | **उपदफा (७) पछी देहायको उपदफा (८) थप गर्नुपर्ने:**<br>"(८) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चलचित्रहरूको छायाङ्कन अनुमति विकास बोर्डले कार्यविधि बनाई अनलाईन सिस्टमबाट एक हप्ताभित्र दिने व्यवस्था गर्ने।" |
| ६३. | मा. रिमा विश्वकर्मा | २६ | **उपदफा (१) मा रहेको,**<br>- **"मन्त्रालयका कर्मचारी" भन्ने** शब्दहरूको सट्टा **"विज्ञ प्राविधिकहरू"** भन्ने शब्दहरू राख्नुपर्ने। |
| ६४. | मा. गणेश कार्की | २६ | **दफा २६ को सट्टा देहायको दफा २६ राख्नुपर्ने:** |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | "२६. <u>सम्पर्क अधिकृत सम्बन्धी व्यवस्थाः</u> (१) नेपालमा विदेशी चलचित्रको छायाङ्कनका लागि बोर्डले आवश्यकतानुसार बोर्डका पदाधिकारी वा चलचित्रसँग सम्बन्धित संघ संस्थाको प्रतिनिधि एवं विज्ञ प्राविधिकहरूलाई सम्पर्क अधिकृतको रूपमा खटाउन सक्नेछ।<br>(२) उपदफा (१) बमोजिम खटिएका सम्पर्क अधिकृतको काम, कर्तव्य र अधिकार बोर्डले तोके अनुसार हुनेछ। |
| ६५. | मा. भुमिका लिम्बु सुब्बा | २६ | <u>दफा २६ को उपदफा (१) मा देहायका शब्दहरू थप गर्नुपर्नेः</u><br>- "नेपालमा विदेशी श्रव्यदृश्य सामग्री (चलचित्र, वृत्तचित्र, विज्ञापन, वेबसिरिज, टिभी शो र अन्य) छायाङ्कनको लागि बोर्डले आवश्यकता अनुसार बोर्डको पदाधिकारी वा बोर्डको कर्मचारीलाई सम्पर्क अधिकृतको रुपमा खटाउन सक्नेछ।" |
| ६६. | मा. कमल सुवेदी | २७ | <u>उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्नुपर्नेः</u><br>"(३) बोर्डले उपलब्ध गराउने सिफारिस दस्तुर र चलचित्र जाँच गर्दा लाग्ने दस्तुर तोकिए बमोजिम हुनेछ। तर विभिन्न मातृभाषा र आदिवासी जनजातिको भाषा तथा संस्कृतिमा बनेका रैथाने चलचित्रको हकमा जाँच र सिफारिस दस्तुरमा विशेष सहुलियत वा पूर्ण छुट दिइनेछ।" |

<table>
<tr><th>क्र.स.</th><th>संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू</th><th>विधेयकको प्रस्तावना/दफा</th><th>संशोधनको बेहोरा</th></tr>
<tr><td>६७.</td><td>मा. रिमा विश्वकर्मा</td><td rowspan="2">२७</td><td rowspan="2"><u>दफा २७ को सट्टा देहायको दफा २७ राख्नुपर्ने:</u><br><br>"२७. <u>चलचित्र वर्गीकरण गराउनुपर्ने:</u> (१) केन्द्रीय चलचित्र वर्गीकरण समितिको कार्यालय चलचित्र विकास बोर्डमा रहनेछ। यो स्वायत्त समिति रहनेछ।<br><br>(२) चलचित्र निर्माण, वितरण तथा प्रदर्शनको इजाजतपत्र प्राप्त कुनै व्यक्ति वा संस्थाले स्वदेशी वा विदेशी चलचित्रको प्रदर्शन गर्नु अगावै चलचित्र वर्गीकरण समितिबाट चलचित्रको वर्गीकरण नगरी चलचित्रको सार्वजनिक प्रदर्शन गर्नु हुँदैन।<br><br>(३) केन्द्रीय चलचित्र वर्गीकरण समितिले वर्गीकरण गरेको चलचित्र नेपालभर प्रदर्शन गर्न कुनै रोकटोक हुने छैन।<br><br>(४) उपदफा (२) बमोजिम वर्गीकरण गराउनको लागि चलचित्र वर्गीकरण समितिले तोकिए बमोजिमका कागजात सहित समितिमा दरखास्त दिनुपर्नेछ।<br><br>(५) मौलिक, रचनात्मक तथा गैर व्यावसायिक छोटा चलचित्र, वृत्तचित्र, आदिवासी तथा मातृभाषी चलचित्र वर्गीकरण बिना पनि विशेष प्रदर्शन र चलचित्र महोत्सवमा प्रदर्शन गर्न पाइनेछ।</td></tr>
<tr><td>६८.</td><td>मा. गणेश कार्की</td></tr>
<tr><td>६९.</td><td>मा. विपिन कुमार आचार्य</td><td>२७</td><td><u>दफा २७ मा रहेका,</u><br><br>- "जाँच (Censor) समिति" भन्ने शब्दहरूको सट्टा "वर्गीकरण (Classification) समिति" भन्ने शब्दहरू राख्नुपर्ने। समिति चलचित्र विज्ञको अध्यक्षतामा स्वायत्त रहने।<br><br><u>देहायको उपदफा थप गर्नुपर्ने:</u></td></tr>
</table>

| क.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | - "निर्माताले चलचित्रको वर्गीकरण प्रमाणपत्र पाउनु अगावै, चलचित्रमा संलग्न सम्पूर्ण प्राविधिक र कलाकारको पारिश्रमिक चुक्ता गरेको प्रमाण स्वरूप सम्बन्धित पेसागत संघसंस्थाबाट 'पारिश्रमिक चुक्ता प्रमाणपत्र' (NOC) अनिवार्य पेस गर्नु पर्नेछ।" |
| ७०. | मा. ज्ञान बहादुर शाही | २७ | <u>**उपददफा (२) पछि देहायको उपदफा (३) थप गरी उपदफाक्रम मिलाउनुपर्नेः**</u><br>"(३) कुनै विदेशी व्यक्ति वा संस्थाले चलचित्र जाँच तथा प्रदर्शनका लागि चलचित्र विकास बोर्डको पूर्व स्वीकृती लिनुपर्ने छ।" |
| ७१. | मा. विपिन कुमार आचार्य | २८ | <u>**दफा २८ मा रहेको,**</u><br>- "जाँच (Censor)" भन्ने शब्दको सट्टा "चलचित्र वर्गीकरण समिति (Classification)" भन्ने शब्दहरू राख्नुपर्ने। समिति चलचित्र विज्ञको अध्यक्षतामा स्वायत्त रहने। |
| ७२. | मा. रिमा विश्वकर्मा | २८ | <u>**दफा २८ मा रहेको दफा शीर्षक, उपदफा (१), (२), (३), (४), (५) र (८) को सट्टा देहाय बमोजिम दफा शीर्षक, उपदफा (१), (२), (३), (४), (५) र (८) राख्नुपर्नेः**</u><br>"२८. <u>**चलचित्र वर्गीकरण समितिको गठनः**</u> (१) कुनै स्वदेशी तथा विदेशी चलचित्र प्रदर्शन गर्न दफा ४ बमोजिम अनुमति दिन चलचित्र वर्गीकरण गर्नको लागि केन्द्रीय स्तरमा देहाय बमोजिमको एक चलचित्र वर्गीकरण समिति रहनेछ।<br>(क) मन्त्रालयले तोकेको चलचित्र विज्ञ - अध्यक्ष<br>(ख) चलचित्र सम्बद्ध पेसागत र विधागत संस्थाहरूको प्रतिनिधित्व हुने गरी चलचित्रसम्बन्धी विषयमा विशेष ज्ञान भएका व्यक्तिहरूमध्येबाट मन्त्रालयले मनोनयन गरेको आदिवासी जनजाति, दलित र महिलासहित पूर्ण समावेशी सिद्धान्तको आधारमा पाँच जना - सदस्य |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
| --- | --- | --- | --- |
| | | | (ग) प्रतिनिधि, चलचित्र विकास बोर्ड - सदस्य<br>(घ) प्रतिनिधि, संस्कृति, पर्यटन ता नागरिक उड्डयन मन्त्रालय (कम्तीमा रा.प. द्वितीय श्रेणी) - सदस्य<br>(ङ) प्रतिनिधि, गृह मन्त्रालय (कम्तीमा रा.प. द्वितीय श्रेणी) - सदस्य<br>(च) मन्त्रालयले तोकेको एकजना (कम्तीमा रा.प. द्वितीय श्रेणी) - सदस्य-सचिव<br>(२) उपदफा (१) बमोजिम गठित चलचित्र वर्गीकरण समितिको सचिवालय चलचित्र विकास बोर्डको कार्यालयमा रहनेछ।<br>(३) उपदफा (१) को खण्ड (क) र (ख) बमोजिम नियुक्ति र मनोनीत अध्यक्ष तथा सदस्यको पदावधि तीन वर्षको हुनेछ।<br>(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विज्ञापन चलचित्रको वर्गीकरण समितिको अध्यक्ष वा निजले तोकेको चलचित्र वर्गीकरण समितिको कुनै सदस्यबाट हुनेछ।<br>(५) वर्गीकरण समितिले चलचित्रको वर्गीकरण गर्दा आवश्यकतानुसार सम्बन्धित संस्कृति तथा भाषा विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।<br>(८) उपदफा (१) बमोजिम गठित चलचित्र वर्गीकरण समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गर्नेछ।<br>**उपदफा (८) पछि देहायको उपदफा (९), (१०), (११), (१२), (१३) र (१४) थप थप गर्नुपर्नेः**<br>"(९) चलचित्र वर्गीकरण समितिको सचिवालय एवं प्रशासनिक खर्च बोर्डले व्यवस्था गर्नेछ। |

| क.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | (१०) चलचित्र वर्गीकरण समितिले चलचित्र वर्गीकरण गरी प्रमाण दिन सक्नेछ।<br>(११) चलचित्र वर्गीकरण अनुसारको अनुगमन बोर्डले गर्नेछ।<br>(१२) चलचित्र वर्गीकरण दस्तुर तोकिए बमोजिम हुनेछ।<br>(१३) चलचित्र वर्गीकरण समितिले चलचित्र वर्गीकरण गर्दा ग्रेडिङ प्रणालीमा वर्गीकरण गरी प्रमाण पत्र दिन सक्नेछ।<br>(१४) उपदफा १ को खण्ड (क) र (ख) बमोजिम नियुक्त र मनोनयन हुने पदाधिकारीको योग्यता/अयोग्यता चलचित्र विकास बोर्डकै पदाधिकारी सरह हुनेछ।" |
| ७३. | मा. गणेश कार्की | २८ | <u>**दफा २८ को सट्टा देहायको दफा २८ राख्नुपर्ने:**</u><br>"**२८. <u>चलचित्र वर्गीकरण समितिको गठनः</u>** (१) कुनै स्वदेशी तथा विदेशी चलचित्र प्रदर्शन गर्न दफा ४ बमोजिम अनुमति दिन चलचित्र वर्गीकरण गर्नको लागि केन्द्रीय स्तरमा देहाय बमोजिमको एक स्वयात्त चलचित्र वर्गीकरण समिति रहनेछः-<br>(क) मन्त्रालयले तोकेको चलचित्र विज्ञ - अध्यक्ष<br>(ख) चलचित्र सम्बद्ध पेसागत र विधागत संस्थाहरूको प्रतिनिधित्व हुने गरी चलचित्रसम्बन्धी विषयमा विशेष ज्ञान भएका व्यक्तिहरूमध्येबाट मन्त्रालयले मनोनयन गरेको आदिवासी जनजाति र महिलासहित पूर्ण समावेशी सिद्धान्तको आधारमा पाँच जना - सदस्य<br>(ग) प्रतिनिधि, चलचित्र विकास बोर्ड - सदस्य |

| क.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | (घ) प्रतिनिधि, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय (कम्तीमा रा.प. द्वितिय श्रेणी) - सदस्य<br>(ङ) प्रतिनिधि, गृह मन्त्रालय (कम्तीमा रा.प. द्वितिय श्रेणी) - सदस्य<br>(च) मन्त्रालयले तोकेको एकजना (कम्तीमा रा.प. द्वितिय श्रेणी) - सदस्य-सचिव<br>(२) उपदफा (१) बमोजिम गठित चलचित्र वर्गीकरण समितिको सचिवालय चलचित्र विकास बोर्डको कार्यालयमा रहनेछ। सदस्य-सचिवको मताधिकार रहने छैन।<br>(३) उपदफा (१) को खण्ड (क) र (ख) बमोजिम नियुक्ति र मनोनीत अध्यक्ष तथा सदस्यको पदावधि तीन वर्षको हुनेछ।<br>(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि विज्ञापन चलचित्रको वर्गीकरण समितिको अध्यक्ष वा निजले तोकेको चलचित्र वर्गीकरण समितिको कुनै सदस्यबाट हुनेछ।<br>(५) वर्गीकरण समितिले चलचित्रको वर्गीकरण गर्दा आवश्यकता अनुसार सम्बन्धित संस्कृति तथा भाषा विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।<br>(७) चलचित्र वर्गीकरण समितिका अध्यक्षको सुविधा मन्त्रालयबाट तोकिए बमोजिम हुनेछ। बोर्डबाट चलचित्र वर्गीकरण समितिका अध्यक्ष, सदस्य तथा समितिमा आमन्त्रित सदस्यले स्वदेशी चलचित्र वर्गीकरण गरे बापत तोकिए बमोजिमको सुविधा तथा भत्ता पाउनेछन्।<br>(८) उपदफा (१) बमोजिम गठित चलचित्र वर्गीकरण समितिको बैठकसम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।<br>(९) चलचित्र वर्गीकरण समितिको सचिवालय एवं प्रशासनिक खर्च बोर्डले व्यवस्था गर्नेछ। |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | (१०) चलचित्र वर्गीकरण समितिले चलचित्र वर्गीकरण गर्दा ग्रेडिङ प्रणालीमा वर्गीकरण गरी प्रमाण पत्र दिन सक्नेछ।<br>(११) चलचित्रको वर्गीकरण अनुसारको अनुगमन बोर्डले गर्नेछ।<br>(१२) चलचित्र वर्गीकरण दस्तुर तोकिए बमोजिम हुनेछ।<br>(१३) चलचित्रको वर्गीकरणसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।<br>(१४) उपदफा १ को खण्ड (क) र (ख) बमोजिम नियुक्त र मनोनयन हुने पदाधिकारीको योग्यता/अयोग्यता चलचित्र विकास बोर्डकै पदाधिकारी सरह हुनेछ।" |
| ७४. | मा. गणेशबहादुर विश्वकर्मा | २८ | **उपदफा (१) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राख्नुपर्ने:**<br>"(ख) चलचित्र सम्बद्ध पेसागत र विधागत संस्थाहरूको प्रतिनिधित्व हुने गरी चलचित्रसम्बन्धी विषयमा विशेष ज्ञान भएका व्यक्तिहरूमध्येबाट मन्त्रालयले मनोनयन गरेको दलित, मधेशी, आदिवासी जनजाति र महिलासहित पूर्ण समावेशी सिद्धान्तको आधारमा पाँच जना — सदस्य" |
| ७५. | मा. भूमिका श्रेष्ठ | २८ | **उपदफा (१) को खण्ड (घ) मा रहेको,**<br>**"मन्त्रालयले मनोनयन गरेको कम्तीमा एक जना महिला सहित दुईजना"** भन्ने शब्दहरूको सट्टामा **"मन्त्रालयले मनोनयन गरेको कम्तीमा एक जना महिला, एक जना लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक व्यक्ति सहित चारजना"** भन्ने शब्दहरूको राख्नुपर्ने। |
| ७६. | मा. गणेश कार्की | २९ | **दफा २९ मा रहेको,** |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | - **"जाँच समिति"** भन्ने शब्दहरूको सट्टामा **"वर्गीकरण समिति"** भन्ने शब्दहरू राख्नुपर्ने। |
| ७७. | मा. सुशिला ढकाल (आचार्य) | ३० | **<u>उपदफा (८) को सट्टा देहायको उपदफा (८) राख्नुपर्नेः</u>**<br>"(८) कम्तीमा एक जना सेवानिवृत्त न्यायधीश रहने गरी एक स्वतन्त्र अपिल ट्रिब्युनलको व्यवस्था गर्नुपर्ने।" |
| ७८. | मा. कमल सुवेदी | ३० | **<u>उपदफा (१) को,</u>**<br>खण्ड (क) मा रहेको **"...सो चलचित्र सार्वजनिक प्रदर्शन गर्न अनुमति दिने"** भन्ने शब्दहरूको सट्टा **"...सो चलचित्र सार्वजनिक प्रदर्शन गर्न अनुमति दिने। यसरी अनुमति दिँदा नेपालको सामाजिक परिवेश, सङ्घीय लोकतान्त्रिक मूल्य र विश्वव्यापी प्रचलनमा आएका नवीनतम् अभिव्यक्ति स्वतन्त्रताका आयामलाई आधार मान्नु पर्ने"** भन्ने शब्दहरू राख्नुपर्ने। |
| ७९. | मा. मनिष झा | ३० | **<u>उपदफा (१) को (ग) पछि देहायका खण्ड (घ) थप गर्नुपर्नेः</u>**<br>"(घ) चलचित्र वा श्रव्यदृश्य सामग्रीलाई उमेर तथा विषयवस्तुको आधारमा यू (U), यूए ७+, यूए १३+, यूए १६+ वर्गीकरण गर्ने। यसरी वर्गीकरण गर्दा हिंसा, यौनजन्य सामग्री, लागुऔषध प्रयोग, आत्महत्या, घृणात्मक अभिव्यक्ति तथा बालमैत्री उपयुक्तता समेत विचार गरिनेछ।" |
| ८०. | मा. सुलभ खरेल | ३० | **<u>उपदफा (८) मा रहेको,</u>**<br>- **"पुनरावेदन"** भन्ने शब्दको सट्टा **"निवेदन"** भन्ने शब्द राख्नुपर्ने।<br>- **"र मन्त्रालयले गरेको निर्णय अन्तिम हुनेछ"** भन्ने शब्दहरू झिक्नुपर्ने। |

| क.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | <u>उपदफा (९) को सट्टा देहायको उपदफा (९) राख्नुपर्नेः</u><br><br>"(९) यस दफाबमोजिम जाँच समितिबाट चलचित्र प्रदर्शन अनुमति प्रदान गरिएको विषयमा कुनै तेस्रो पक्ष वा समुदायले आफूलाई प्रतिकूल असर परेको भनी, सो असर पर्ने कारण वा आधारहरू स्पष्ट रूपमा उल्लेख गरी, देहायका कुनै एक वा सबै आधारहरूमा त्यस्तो सामग्री रहेको भन्ने दाबी गर्दै, त्यस्तो अनुमति प्रदान भएको मितिले पन्ध्र दिनभित्र चलचित्र प्रदर्शन रोक्न वा कुनै दृश्य हटाउन माग गर्दै मन्त्रालयसमक्ष निवेदन दिन सक्नेछ। मन्त्रालयले त्यस्तो निवेदन प्राप्त भएको मितिले सात दिनभित्र आवश्यक जाँचबुझ गरी निर्णय गर्नुपर्नेछ।<br><br>(क) नेपालको शान्ति, सुरक्षा वा सुव्यवस्थामा प्रतिकूल प्रभाव पार्ने,<br>(ख) मित्र राष्ट्रसँगको सम्बन्धमा प्रतिकूल प्रभाव पार्ने,<br>(ग) विभिन्न वर्ग वा जातिबिचको सौहार्दपूर्ण सम्बन्धमा खलल पार्ने,<br>(घ) सार्वजनिक हित, सदाचार वा नैतिकतामा आघात पुऱ्याउने,<br>(ङ) कुनै व्यक्ति विशेषको मानहानी हुने,<br>(च) अदालतको अवहेलना हुने,<br>(छ) लैङ्गिक हिंसालाई प्रोत्साहन गर्ने, वा<br>(ज) कुनै अपराध गर्न दुरुत्साहन दिने।<br><br><u>उपदफा (९) पछि देहायका उपदफा (१०), (११), (१२) र (१३) थप गर्नुपर्नेः</u> |

| क.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | "(१०) उपदफा (८) वा (९) बमोजिम मन्त्रालयबाट गरिएको निर्णयमा चित्त नबुझेमा सम्बन्धित पक्षले त्यस्तो निर्णय प्राप्त भएको मितिले पन्ध्र दिनभित्र उच्च अदालतसमक्ष पुनरावेदन गर्न सक्नेछ।<br>(११) यस दफा बमोजिम कुनै चलचित्रको प्रदर्शनमा रोक वा कुनै दृश्य वा संवाद हटाउने निर्णय गर्नु अघि उपलब्ध विकल्पहरूमध्ये अभिव्यक्ति स्वतन्त्रतामा न्यूनतम हस्तक्षेप गर्ने उपाय (least restrictive means) अवलम्बन गर्नुपर्नेछ तथा चलचित्र प्रतिबन्ध वा कुनै दृष्य, संवाद हटाउने विषयलाई अन्तिम उपाय (last resort) को रूपमा मात्र प्रयोग गर्न सकिनेछ।<br>(१२) यस दफाको प्रयोजनको निम्ति चलचित्रमा मनोरञ्जन, कलात्मक, साहित्यिक, शैक्षिक, सांस्कृतिक वा सामाजिक अभिव्यक्तिको क्रममा प्रयोग भएका अपशब्द, व्यङ्ग्य, आलोचना, कठोर भाषा वा अप्रिय विचारलाई मात्र आधार बनाई चलचित्रको प्रदर्शनमा रोक लगाउन, कुनै दृश्य वा संवाद हटाउन वा अन्य कुनै प्रतिबन्धात्मक उपाय अवलम्बन गर्न सकिने छैन।<br>तर यस दफाले निश्चित उमेर समूह, पेसा वा वर्गका दर्शकका लागि चलचित्रको वर्गीकरण गरी प्रदर्शन गर्न सकिने व्यवस्थामा कुनै प्रतिबन्ध लगाएको मानिने छैन।<br>(१३) जाँच समितिका अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछन्।" |
| ८१. | मा. गणेश कार्की | ३० | <u>उपदफा (१) को  खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राख्नुपर्नेः</u><br>"(ख) संविधानसँग बाझिएको हकमा बाहेक समितिले वर्गीकरण गरी सार्वजनिक प्रदर्शन गर्न पाउने गरी अनुमति दिने, वा"<br><u>उपदफा (६), (७) र (८) को सट्टा देहायका उपदफा (६), (७) र (८) राख्नुपर्नेः</u> |

| क.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | "(६) वर्गीकरण समितिबाट चलचित्र वर्गीकरण गरी प्रदर्शनको अनुमति दिँदा तोकिएका सर्तको पालना गरे नगरेको सम्बन्धमा बोर्डले अनुगमन गर्न सक्नेछ।"<br>(७) उपदफा (६) बमोजिम बोर्डले अनुगमन गर्दा तोकिएका सर्त पालना नगरेको पाइएमा सो चलचित्रको प्रदर्शन तुरुन्त बन्द गराउनु पर्नेछ।<br>(८) यस दफाबमोजिम वर्गीकरण समितिले गरेको निर्णयबाट मर्का पर्ने व्यक्तिले स्पष्टीकरण सहित निर्णय पुनरावेदनका लागि सो निर्णय भएको मितिले पैंतिस दिनभित्र बोर्डमा पुनरावेदन दिन सक्नेछ र बोर्डले गरेको निर्णय अन्तिम हुनेछ।।" |
| ८२. | मा. गणेशबहादुर विश्वकर्मा | ३० | <u>उपदफा (१) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राख्नुपर्ने:</u><br>"(ख) नेपालको संविधानसँग बाँझिएको हकमा बाहेक समितिले वर्गीकरण गरी सार्वजनिक प्रदर्शन गर्न पाउने गरी अनुमति दिने।" |
| ८३. | मा. भूमिका श्रेष्ठ | ३० | <u>उपदफा (१) को खण्ड (क) मा,</u><br>**"वा दुर्व्यवहार जनाउने"** भन्ने शब्दहरूपछि **"वा महिला, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति लगायत सीमान्तकृत वर्गप्रतिको सामाजिक पूर्वाग्रहलाई बढावा दिने वा सामाजिक प्रतिष्ठामा ह्रास ल्याउने गरी गलत रूपमा चित्रण गरिएको"** भन्ने शब्दहरू थप गर्नुपर्ने।<br><u>उपदफा (४) मा रहेको,</u> |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | **"वा लैङ्गिक हिंसालाई बढवा दिने"** भन्ने शब्दहरूपछि **"वा महिला, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति लगायत सीमान्तकृत वर्गप्रतिको भेदभाव वा पूर्वाग्रहलाई स्वाभाविक वा स्वीकार्य ठहऱ्याउने"** भन्ने शब्दहरू थप गर्नुपर्ने। |
| ८४. | मा. मनिष झा | **नयाँ दफा थप** | दफा ३० पछि देहायका दफा ३१ थप गरी दफाक्रम मिलाउनुपर्नेः<br>"**३१. चलचित्र पुनरावलोकन तथा पुनरावेदनसम्बन्धी व्यवस्थाः** (१) दफा ३० बमोजिम जाँच समितिको निर्णयमाथि चित्त नबुझेमा सम्बन्धित व्यक्ति वा संस्थाले तोकिएको निकाय समक्ष पुनरावलोकन वा पुनरावेदन गर्न निवेदन दिन सक्नेछ।<br>(२) पुनरावलोकन गर्दा चलचित्रकर्मीको अभिव्यक्ति स्वतन्त्रता, सिर्जनात्मक अधिकार तथा संवैधानिक अधिकारलाई सम्मान गरिनेछ। |
| ८५. | मा. सुशिला ढकाल (आचार्य) | ३१ | उपदफा (३) पछि देहायको उपदफा (४) र (५) थप गर्नुपर्नेः<br>"(४) उपदफा (१) र (२) बमोजिम आदेश जारी गर्दा आदेश जारी गर्नु पर्नाको कानुनी तथा वस्तुस्थितिको कारण वा अन्य केही भए सोको आधारमा स्पष्ट रुपमा उल्लेख गर्दै सम्बन्धित व्यक्ति वा संस्थालाई दिनुपर्नेछ।"<br>"(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै चलचित्र रोक लगाउँदा नेपालको संविधानको धारा १७(२) ले तोकेको सीमा बाहिर गएर प्रदर्शनमा रोक लगाउन सकिदैंन। उपदफा (४) बमोजिमको आधार दिंदा अनिवार्य रुपमा धारा १७(२) सिमाभित्र रहेको बेहोरा स्पष्ट रुपमा राख्नुपर्नेछ। |

<table>
<tr><th>क्र.स.</th><th>संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू</th><th>विधेयकको प्रस्तावना/दफा</th><th>संशोधनको बेहोरा</th></tr>
<tr><td>८६.</td><td>मा. रिमा विश्वकर्मा</td><td rowspan="2">३१</td><td rowspan="2"><u>दफा ३१ को सट्टा देहायको दफा ३१ राख्नुपर्नेः</u><br>"३१. <u>चलचित्र प्रदर्शनमा रोक लगाउन सक्नेः</u> (१) संविधानसँग बाँझिएको हकमा चलचित्र काँटछाँट गर्न दिएको निर्देशन पालना नगरी चलचित्रको प्रदर्शन गरेमा।<br>(२) वर्गीकरण समितिले दिएको प्रमाणपत्रको आधारमा चलचित्र प्रदर्शन भएको नदेखिएमा।<br>(३) आफ्नो प्रदेशभित्र हुने संवेदनशील विशेष परिस्थितीमा प्रदेश सरकारले चलचित्र प्रदर्शनमा रोक लगाउन आदेश दिन सक्ने।<br>(४) देशमा संवेदनशील विशेष परिस्थितीमा नेपाल सरकारले चलचित्र प्रदर्शन रोक लगाउने आदेश जारी गरिसकेको अवस्थामा प्रदेश सरकारले उपदफा (३) बमोजिम छुट्टै आदेश जारी गर्न नपर्ने।<br>(५) वर्गीकरण समितिले दिएको प्रमाणपत्र पाइसकेको चलचित्रको अवस्थामा सामान्यतया उजुरी वा मुद्दा दर्ता नहुने वा कुनै कारणवश भएको अवस्था प्रदर्शनको अवस्थालाई असर नपर्ने गरी बढीमा २४ घण्टा भित्र सुनुवाई गर्ने।"</td></tr>
<tr><td>८७.</td><td>मा. गणेश कार्की</td></tr>
<tr><td>८८.</td><td>मा. भूमिका श्रेष्ठ</td><td>३१</td><td>उपदफा (१) मा,<br>- "वा लैङ्गिक हिंसा वा दुर्व्यवहारलाई बढवा दिन सक्ने" भन्ने शब्दहरूपछि "वा महिला, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति लगायत सीमान्तकृत वर्गप्रतिको भेदभाव वा पूर्वाग्रहलाई स्वाभाविक वा स्वीकार्य ठहऱ्याउने" भन्ने शब्दहरू थप गर्नुपर्ने।</td></tr>
<tr><td>८९.</td><td>मा. रिमा विश्वकर्मा</td><td>३२</td><td>उपदफा २ झिक्नुपर्ने।</td></tr>
</table>

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
| --- | --- | --- | --- |
| ९०. | मा. गंगालक्ष्मी अवाल | ३२ | <u>**उपदफा (४) मा देहाय बमोजिम थप गर्नुपर्ने:**</u><br>- "सरकारले स्वदेशी चलचित्रहरू तथा Documentry हरू जसले नेपालको मौलिक/भाषिक, सांस्कृतिक एवं खाद्यान्न लगायतलाई झल्किने गरी बनाइएका चलचित्रहरू एवं ख्याल प्याखँहरू (Drama/ Dance) उदाहरणका लागि नेपालभाषामा बनाइने माक प्याखँ, गाईचा प्याखँ, देवी प्याखँ, अष्टमात्रिका नाच/देवी नाच, धिमे मैंचा, गाले वान, बारा सि जस्ता भाषिक सांस्कृतिक महत्वका चलचित्रहरू एवं छोटो Documentry हरू निर्माण गर्नमा सरकारले अनुदान दिंदा मौलिक सँस्कृतिको संरक्षण भई नेपालको संसारभर प्रचार प्रसार भई विश्वबाट पर्यटकहरू समेत आकर्षित गर्न सकिन्छ।" |
| ९१. | मा. गणेश कार्की | ३२ | **उपदफा (२) झिक्नुपर्ने।** |
| ९२. | मा. भूमिका श्रेष्ठ | ३३<br>**(नयाँ दफा थप)** | <u>**विधेयकको दफा ३२ पछि देहायको दफा ३३ थप गरी दफाक्रम मिलाउनुपर्ने:**</u><br>"**३३. मातृभाषा तथा रैथाने भाषाका चलचित्र प्रवर्धनसम्बन्धी विशेष व्यवस्था:** (१) नेपालमा बोलिने विभिन्न आदिवासी जनजाति, मधेशी समुदायका मातृभाषा, सीमान्तकृत भाषा तथा लोपोन्मुख भाषामा बन्ने चलचित्रहरूको निर्माण, प्रदर्शन र प्रवर्धनलाई विशेष प्राथमिकता दिइनेछ।<br>(२) उपदफा (१) बमोजिमका चलचित्रहरूको दर्ता, नियमन तथा जाँच प्रक्रियालाई सरलीकृत र पहुँचयोग्य बनाउनका लागि बोर्ड वा जाँच समितिले आवश्यकतानुसार सम्बन्धित भाषामा नै कार्यसञ्चालन गर्न सक्ने गरी तोकिए बमोजिमको विशेष व्यवस्था मिलाउन सक्नेछ।" |
| ९३. | मा. रिमा विश्वकर्मा | ३३ | **उपदफा (१) मा रहेको,**<br>- "मातृभाषी" भन्ने शब्दअघि "आदिवासी जनजाति" भन्ने शब्दहरू थप गर्नुपर्ने। |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| ९४. | मा. रिमा विश्वकर्मा | ३४ | **उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नुपर्नेः**<br>"(१) चलचित्र प्रदर्शकले कुनै चलचित्र प्रदर्शन सुरू अगाडि वा मध्यान्तरमा चलचित्रसम्बन्धी सन्देशमूलक वा शिक्षामूलक श्रव्यदृश्य सामग्री प्रदर्शन गर्न सक्नेछ।" |
| ९५. | मा. रिमा विश्वकर्मा | ३५ | **दफा ३५ मा देहाय बमोजिम बनाउनुपर्नेः**<br>- चलचित्रघरमा कायम गरिने विभिन्न श्रेणी र सोको टिकटदर चलचित्र विकास बोर्ड र आन्तरिक राजस्व विभागलाई जानकारी गराएर निर्माता र चलचित्रघरले सहमतिमा निर्धारण गर्न सक्नेछ। विदेशी चलचित्रको हकमा वितरक र चलचित्रघरले सहमतिमा निर्धारण गर्न सक्नेछ। |
| ९६. | मा. कमल सुवेदी | ३५ | **उपदफा (१) मा रहेको,**<br>**"...चलचित्रसम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ"** भन्ने शब्दहरूको सट्टा **"...चलचित्र सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयले सम्बन्धित स्थानीय तह र प्रदर्शकहरूको समन्वयमा स्थानीय तहको अधिकार क्षेत्र र बजारको आयामलाई मध्यनजर गरी निर्धारण गरे बमोजिम हुनेछ।"** भन्ने शब्दहरू राख्नुपर्ने। |
| ९७. | मा. सरस्वती लामा | ३५ | **उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नुपर्नेः**<br>"(१) चलचित्र घरमा कायम गरिने विभिन्न श्रेणी र सो को टिकट दर चलचित्र विकास बोर्ड र आन्तरिक राजस्व विभागलाई जानकारी गराएर निर्माता र चलचित्र घरले सहमतिमा निर्धारण गर्न सक्नेछ। विदेशी चलचित्रको हकमा वितरक र चलचित्र घरले सहमतिमा निर्धारण गर्न सक्नेछ।" |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| ९८. | मा. गणेश कार्की | ३५ | <u>दफा ३५ को सट्टा देहायको दफा ३५ राख्नुपर्ने:</u><br>"**३५. <u>श्रेणी र टिकट दर</u>:** (१) चलचित्रघरमा कायम गरिने विभिन्न श्रेणी र सोको टिकटदर चलचित्र विकास बोर्ड र आन्तरिक राजश्व विभागलाई जानकारी गराएर निर्माता र चलचित्रघरले सहमतिमा निर्धारण गर्न सक्नेछ।<br>(२) विदेशी चलचित्रको हकमा वितरक र चलचित्र घरले सहमतिमा निर्धारण गर्न सक्नेछ। |
| ९९. | मा. रिमा विश्वकर्मा | ३६ | <u>उपदफा (४) पछि देहायको उपदफा (५) थप गर्नुपर्ने:</u><br>"(५) बक्स अफिससम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।" |
| १००. | मा. गणेश कार्की | ३६ | |
| १०१. | मा. रिमा विश्वकर्मा | ३९ | उपदफा (३) को,<br>- खण्ड (क) र (ख) झिकी खण्डक्रम मिलाउनु पर्ने। |
| १०२. | मा. गणेश कार्की | ३९ | |
| १०३. | मा. कमल सुवेदी | ३९ | <u>उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नुपर्ने:</u><br>"(१) चलचित्र घर निर्माण गर्दा सम्बन्धित स्थानीय तहबाट इजाजतपत्र लिनु पर्नेछ र चलचित्र घर निर्माणको मापदण्ड र व्यवस्थापनमा स्थानीय तहको अधिकार क्षेत्र पूर्ण रूपमा स्वायत्त रहनेछ।" |
| १०४. | मा. रिमा विश्वकर्मा | ४० | <u>उपदफा (१) पछि देहायको उपदफा (२) थप गरी उपदफाक्रम मिलाउनुपर्ने:</u> |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | "(२) उपदफा (१) बमोजिम चलचित्र घर जाँच गर्न सम्बन्धित प्रदेश सरकारको प्रतिनिधि संयोजक रहने गरी, नेपाल चलचित्र संघ, चलचित्र विकास बोर्ड, सम्बन्धित स्थानीय तहको प्राविधिक, प्रदेश सरकारको कानुन विभाग प्रतिनिधि एक/एक जना रहने गरी एक समिति गठन गरिनेछ।" |
| १०५. | मा. गणेश कार्की | ४० | <u>उपदफा (१) पछि देहायको उपदफा (२) थप गरी उपदफाक्रम मिलाउनुपर्नेः</u><br>"(२) उपदफा (१) बमोजिम चलचित्र घर जाँच गर्न सम्बन्धित प्रदेश सरकारको प्रतिनिधि संयोजक रहने गरी नेपाल चलचित्र संघ, चलचित्र विकास बोर्ड, सम्बन्धित स्थानीय तहको प्राविधिक, प्रदेश सरकारको भवन विभागको प्रतिनिधि एक/एक जना रहने गरी एक समिति गठन गरिनेछ।" |
| १०६. | मा. रिमा विश्वकर्मा | ४१ | <u>उपदफा (२) मा  मा रहेको खण्ड (ङ) पछि देहायका खण्ड (च) र (छ) थप गर्नुपर्नेः</u><br>"(च) चलचित्र उद्योगबाट राजस्वको रूपमा नेपाल सरकारले प्राप्त गरेको रकम कुनै माध्यमबाट चलचित्र उद्योगमै लगानी गर्ने।<br>(छ) चलचित्र विकास शुल्क।" |
| १०७. | मा. विपिन कुमार आचार्य | ४१ | <u>देहायको उपदफा थप गर्नुपर्नेः</u><br>- “नेपालमा प्रदर्शन हुने विदेशी चलचित्र (Hollywood/Bollywood) को टिकट बिक्रीबाट २ देखि ३ प्रतिशत "चलचित्र विकास शुल्क (Film Levy)" उठाई सोझै "चलचित्र कोष’" मा जम्मा गरिनेछ। सो रकम नेपाली मौलिक/आदिवासी चलचित्र निर्माणमा अनुदान दिइनेछ।” |
| १०८. | मा. सुशिला ढकाल (आचार्य) | ४३ | <u>उपदफा (१) मा रहेको,</u> |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | - **"मन्त्रालयल"** भन्ने शब्दको सट्टा **"बोर्ड"** भन्ने शब्द राख्नुपर्ने।<br>उपदफा (२) मा रहेको,<br>- **"प्रदेश सरकारको मन्त्रालय"** भन्ने शब्दहरूको सट्टा **"प्रादेशिक बोर्ड"** भन्ने शब्दहरू राख्नुपर्ने। |
| १०९. | मा. सरस्वती लामा | ४३ | - राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिको प्रतिवेदनमा उल्लिखित उपदफा (१), (२) र (३) मा रहेको **"पाँचलाख रूपैयाँसम्म"** भन्ने शब्दहरूको सट्टा **"एकलाख रूपैयाँसम्म"** भन्ने शब्दहरू राख्नुपर्ने। |
| ११०. | मा. रिमा विश्वकर्मा | ४३ | उपदफा (१), (२) र (३) मा रहेको,<br>- **"मन्त्रालय"** भन्ने शब्दको सट्टा **"बोर्ड"** भन्ने शब्द राख्नुपर्ने। |
| १११. | मा. गणेश कार्की | ४३ | उपदफा (१) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राख्नुपर्ने:<br>"(ख) दफा २७ को उपदफा (२) बमोजिम जाँच समितिबाट चलचित्रको जाँच नगराई सार्वजनिक रुपमा चलचित्र प्रदर्शन गरेमा, र"<br>दफा ४३ मा रहेको,<br>- **"जाँच समिति"** भन्ने शब्दहरूको सट्टामा **"वर्गीकरण समिति"** भन्ने शब्दहरू र **"जाँच"** भन्ने शब्दको सट्टामा **"वर्गीकरण"** भन्ने शब्दहरू लेख्नुपर्ने। |
| ११२. | मा. भूमिका श्रेष्ठ | ४५ | उपदफा (३) को अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्ने:<br>- "छात्रवृत्ति प्रदान गर्दा महिला, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति लगायतका सीमान्तकृत वर्गलाई विशेष ग्राह्यता दिनुपर्नेछ।" |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| ११३. | मा. सुशिला ढकाल (आचार्य) | ४६ | **उपदफा (१) मा रहेको,**<br>- **"सञ्चालन गर्न सक्नेछ"** भन्ने शब्दहरूको सट्टा "सञ्चालन गर्नेछ" भन्ने शब्दहरू राख्नुपर्ने।<br>**उपदफा (२) पछि देहायको उपदफा (३) थप गर्नुपर्नेः**<br>"(३) बोर्डले सरकारसँग समन्वय गरी चलचित्रकर्मीको न्यूनतम पारिश्रमिक, बिमा सम्बन्धी व्यवस्था र विवाद समाधान संयन्त्र तीन वर्षभित्र लागु गर्नेछ।" |
| ११४. | मा. विपिन कुमार आचार्य | ४६ | **उपदफा (१) मा रहेको,**<br>- **"गर्न सक्नेछ"** भन्ने शब्दहरूको सट्टा प्राविधिकहरूको **"बिमा पूर्ण अनिवार्य हुनेछ"** भन्ने शब्दहरू राख्नुपर्ने। श्रमजीवी प्राविधिकहरूको दैनिक अधिकतम कार्यघण्टा (१२ घण्टा) र दुई सिफ्टबिचको अनिवार्य विश्राम (Turn-around Time) ऐनमै तोक्ने। |
| ११५. | मा. रिमा विश्वकर्मा | ५१ | **दफा ५१ को सट्टा देहायको दफा ५१ राख्नुपर्नेः**<br>**"५१. नियम बनाउने अधिकारः** यस ऐनको कार्यान्वयनका लागि चलचित्रको पेसागत र विधागत संघसंस्थाका प्रतिनिधिहरूको उपस्थितिमा चलचित्र विकास बोर्डले नियम बनाई जानकारी तथा अनुमोदनको लागि नेपाल सरकारलाई दिनेछ। |
| ११६. | मा. गणेश कार्की | ५१ | **दफा ५१ को सट्टा देहायको दफा ५१ राख्नुपर्नेः**<br>"५१. **नियम बनाउने अधिकारः** यो ऐनको कार्यान्वयन गर्न बोर्डले आवश्यक नियम बनाई स्वीकृतिका लागि मन्त्रालयसमक्ष पेस गर्नेछ।" |

| क.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| ११७. | मा. मनिष झा | **नयाँ दफा थप** | **"नयाँ दफाः बालबालिका सम्बन्धी संरक्षणात्मक व्यवस्थाः** (१) चलचित्र वा श्रव्यदृश्य सामग्रीमा बालबालिकाको प्रयोग गर्दा निजको शारीरिक, मानसिक तथा नैतिक हित प्रतिकूल हुने कार्य गर्न पाइने छैन।<br>(२) बाल कलाकारको शिक्षा, स्वास्थ्य, विश्राम तथा पारिश्रमिक सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।<br>(३) बालबालिकालाई हिंसात्मक, यौनजन्य वा शोषणमूलक दृश्यमा प्रयोग गर्दा विशेष सावधानी अपनाउनु पर्नेछ। |
| ११८. | मा. गणेश कार्की | **५४**<br>**नयाँ दफा थप** | <u>**देहायको दफा ५४ थप गर्नुपर्नेः**</u><br>"५४. **चलचित्र कोष (फिल्म फन्ड) को व्यवस्थाः** (१) चलचित्र कोषको व्यवस्थाका लागि देहाय बमोजिम हुनेछन्।<br>(क) नेपाल सरकारलाई भार नपर्ने गरी बोर्डले चलचित्र कोषको व्यवस्था गर्नेछ।<br>(ख) सिर्जनात्मक चलचित्रको निर्माण, गुणस्तर विकास र प्रवर्धनका लागि सहयोग गर्नेछ।<br>(ग) आदिवासी जनजाति, मौलिक तथा मातृभाषी चलचित्रहरूको प्रवर्धन लागि सहयोग गर्नेछ।<br>(घ) चलचित्र कथा संकलन तथा स्टोरी बैङ्क अवधारणालाई बढवा दिनेछ।<br>(ङ) चलचित्रघरको स्तरोन्नती, निर्माणमा अनुदान वा सहयोग गर्नेछ।<br>(च) चलचित्र कोषलाई व्यवस्थित बनाउन तोकिए बमोजिमको व्यवस्था गरिनेछ। |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
| --- | --- | --- | --- |
| | | | (छ) विदेशी चलचित्रको छायाङ्कन तथा निर्माणका क्रममा भएको खर्च अनुसार कर फिर्ता कार्यक्रम (TAX Shelter System) लागु गर्ने।<br>(ज) नेपाली चलचित्रमा विदेशी लगानी भित्र्याउन वा सहकार्यमा चलचित्र निर्माण गर्न तोकिए बमोजिम व्यवस्था गर्ने।<br>(झ) विदेशी चलचित्रलाई नेपालमा छायाङ्कन तथा निर्माणका लागि सहुलियत, छुट प्रदान गर्ने। |
| ११९. | मा. अनुश्का श्रेष्ठ | **५४ (नयाँ दफा थप)** | **<u>दफा ५३ पछि देहायको दफा ५४ थप गर्नुपर्नेः</u>**<br>**५४. <u>चलचित्र कोषको व्यवस्था (Film Fund)</u>:** चलचित्र कोषको व्यवस्थाका लागि देहाय बमोजिम हुनेछन् :<br>(क) नेपाल सरकारलाई भार नपर्ने गरी बोर्डले चलचित्र कोषको व्यवस्था गर्नेछ।<br>(ख) सिर्जनात्मक चलचित्रको निर्माण, गुणस्तर विकास र प्रवर्धनका लागि सहयोग गर्नेछ।<br>(ग) आदिवासी जनजाति, मौलिक तथा मातृभाषी चलचित्रहरूको प्रवर्धनका लागि सहयोग गर्नेछ।<br>(घ) चलचित्र कथा सङ्कलन तथा स्टोरी बैङ्क अवधारणालाई बढावा दिनेछ।<br>(ङ) चलचित्रघरको स्तरोन्नति, निर्माणमा अनुदान वा सहयोग गर्नेछ।<br>(च) चलचित्र कोषलाई व्यवस्थित बनाउन तोकिए बमोजिमको व्यवस्था गरिनेछ।<br>(छ) विदेशी चलचित्रको छायाङ्कन तथा निर्माणका क्रममा भएको खर्चअनुसार कर फिर्ता कार्यक्रम (Tax Sheter System) लागु गर्ने। |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | (ज) नेपाली चलचित्रमा विदेशी लगानी भित्र्याउन वा सहकार्यमा चलचित्र निर्माण गर्न तोकिए बमोजिम व्यवस्था गर्ने।<br>(झ) विदेशी चलचित्रलाई नेपालमा छायाङ्कन तथा निर्माणका लागि सब्सिडी प्रदान गर्ने। |
| १२०. | मा. ज्ञान बहादुर शाही | **नयाँ दफा थप** | **नयाँ दफा थप : नेपाली चलचित्र क्षेत्रमा विदेशी लगानी सम्बन्धी:** चलचित्र क्षेत्रमा लगानी भित्र्याउन अन्य उद्योग सरह नै छुट कानुन निर्माण गर्नुपर्ने। जुन कानुनमार्फत अन्तर्राष्ट्रिय स्टुडियो लगानीकर्तामैत्री चलचित्र गन्तव्यका रुपमा विकास गर्न सकिने। |
| १२१. | मा. गणेशबहादुर विश्वकर्मा | **५४ (नयाँ दफा थप)** | **देहायको दफा ५४ थप गर्नुपर्ने:**<br>"**५४. चलचित्र कोष**: यस कोषको व्यवस्थाका लागि देहाय बमोजिम हुनेछन्:-<br>(क) नेपाल सरकारलाई भार नपर्ने गरी बोर्डले चलचित्र कोषको व्यवस्था गर्नेछ।<br>(ख) सिर्जनात्मक चलचित्रको निर्माण, गुणस्तर विकास र प्रवर्धनका लागि सहयोग गर्नेछ।<br>(ग) थारु, दलित, आदिवासी जनजाति, मौलिक तथा मातृभाषी चलचित्रहरूको प्रवर्धन लागि सहयोग गर्नेछ।<br>(घ) चलचित्र कथा संकलन तथा स्टोरी बैङ्क अवधारणालाई बढवा दिनेछ।<br>(ङ) चलचित्रघरको स्तरोन्नती, निर्माणमा अनुदान वा सहयोग गर्नेछ।<br>(च) चलचित्र कोषलाई व्यवस्थित बनाउन तोकिए बमोजिमको व्यवस्था गरिनेछ।" |
| १२२. | मा. भुमिका लिम्बु सुब्बा | **नयाँ दफा थप** | **देहायको नयाँ दफा थप गर्नुपर्ने:** |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | **नयाँ दफाः** **महिला कलाकार तथा महिला प्राविधिकको सुरक्षा, संरक्षण र विशेष सुविधाः** (१) चलचित्रसँग सम्बन्धित कुनै पनि कार्यस्थलमा कार्यरत महिला कलाकार, महिला प्राविधिक वा महिला श्रमिकमाथि कुनै किसिमको शारीरिक, मानसिक, आर्थिक, यौनजन्य वा डिजिटल हिंसा तथा दुर्व्यवहार गर्न पाइने छैन।<br>(२) महिला निर्माता तथा निर्देशकको नेतृत्वमा निर्माण गरिएका चलचित्रलाई विशेष प्राथमिकता विशेष सहुलियत र प्रोत्साहनको व्यवस्था गरिनु पर्छ।<br>(३) उपदफा (१) बमोजिमको कसुर गरेको प्रमाणित भएमा प्रचलित कानुन बमोजिम कारवाही गरिनेछ। |

प्रतिनिधि सभा नियमावली, २०८३ को नियम ११३ को उपनियम (१) मा रहेका संशोधन सम्बन्धी सर्तहरूको अधीनमा रही ऐ.ऐ. नियमको उपनियम (२) बमोजिम क्र.स. १ देखि क्र.स. १२२ सम्मका संशोधनका सूचनाहरू छलफलका लागि स्वीकृत।

……….....................
(डोल प्रसाद अर्याल)
सभामुख